# पाँचथर जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको
एम.ए. दोस्रो वर्षको दसौं पत्रको
प्रयोजनका लागि
प्रस्तुत

## अध्ययनपत्र

अध्ययनार्थी
राधा वराल
नेपाली विभाग
म.र.व.क्याम्पस, इलाम
त्रिभुवन विश्वविद्यालय,
२०६५

# कृतज्ञता

'पाँचथर जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण' शीर्षकको यो अध्ययनपत्र मैले पाँचथर जिल्लाका केही गाउँबाट सामग्री सङ्कलन गरी तयार पारेको छु । यस अध्ययनपत्रलाई यो आकृति दिनमा परमआदरणीय गुरु जीवेन्द्रदेव गिरीको महत्त्वपूर्ण सहयोग रहेको छ । आफ्नो अतिव्यस्त जीवनमा पनि समय दिई मलाई निर्देशित गरी लेखनकार्यमा अभिप्रेरित गर्नुहुने शोधनिर्देशक आदरणीय गुरुप्रति प्रथमतः म हार्दिक कृतज्ञता टक्र्याउँछु ।

यो अध्ययनपत्र तयार पार्ने क्रममा आवश्यक सामग्री उपलब्ध गराउँदै समुचित सरसल्लाह र सहयोग दिनुहुने पाँचथर जिल्ला आङ्सराङ गा.वि.स.स्थित श्री जयनारायण आदर्श मा.वि.का प्र.अ. श्री इन्द्रप्रसाद रिजाल तथा अन्य शिक्षकवर्गप्रति म कृतज्ञ छु । यस सङ्कलनमा विशेष सहयोग पुऱ्याउने श्रीमती राधादेवी बराल एवं अन्य सहयोगी तथा कथा बाचिदिनुहुने वृद्धवृद्धाप्रति पनि म आभार प्रकट गर्दछु ।

अध्ययनका सन्दर्भमा आवश्यक सामग्री उपलब्ध गराउने त्रि.वि. पुस्तकालय, सामग्री टाइप गरी सहयोग पुऱ्याउने भाइ महेश रिजाल र शुद्धाशुद्धिको लागि भाइ लक्ष्मीप्रसाद बराललाई हार्दिक धन्यवाद प्रकट गर्दछु ।

अन्त्यमा म आवश्यक मूल्याङ्कनार्थ प्रस्तुत अध्ययनपत्र नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुरसमक्ष पेस गर्दछु ।

अध्ययनार्थी :
विनोद उपाध्याय अधिकारी
शैक्षिक सत्र २०५८-२०६०
नेपाली केन्द्रीय विभाग,
कीर्तिपुर, त्रि.वि. ।

## विषयसूची

| शीर्षक | | पृष्ठसङ्ख्या |
|---|---|---|
| **परिच्छेद १** | | |
| १. | अध्ययनपत्रको परिचय | १ |
| १.१ | अध्ययनार्थीको पूरा नामथर | १ |
| १.२ | अध्ययनशीर्षक | १ |
| १.३ | अध्ययनप्रयोजन | १ |
| १.४ | परिचय | १ |
| १.५ | अध्ययनको समस्या | २ |
| १.६ | अध्ययनको उद्देश्य | ३ |
| १.७ | अध्ययनको औचित्य | ३ |
| १.८ | पूर्वकार्यको समीक्षा | ३ |
| १.९ | सामग्री-सङ्कलनविधि | ४ |
| १.१० | अध्ययनकार्यको सीमाङ्कन | ४ |
| १.११ | अध्ययनको रूपरेखा | ४ |
| **परिच्छेद २** | | |
| २. | पाँचथर जिल्लाको सामान्य परिचय | ५ |
| २.१ | भैगोलिक परिचय | ५ |
| २.१ | नामकरण | ५ |
| २.३ | सामाजिक तथा सांस्कृतिक जीवन | ६ |
| २.४ | धर्म र चाडपर्व | ७ |
| २.५ | वेशभूषा र भाषिक स्थिति | ७ |
| २.६ | लोकसाहित्यको स्थिति | ८ |
| **परिच्छेद ३** | | |
| ३. | लोककथाको परिचय र विधागत वर्गीकरण | ९ |
| ३.१ | लोकसाहित्यको परिचय | ९ |
| ३.२ | लोकसाहित्यका विधाहरूको वर्गीकरण | १० |
| ३.३ | लोककथाको परिचय | १३ |
| ३.३.१. | लोककथाको परिभाषा | १४ |
| ३.३.२. | लोककथाको स्वरूप | १५ |
| ३.३.३. | लोककथाका तत्त्वहरू | १६ |
| ३.३.४. | लोककथाको वर्गीकरण | १८ |
| **परिच्छेद ४** | | |
| ४. | पाँचथर जिल्लामा प्रचलित लोककथाहरूको विश्लेषण | २० |
| ४.१ | कथावस्तुका आधारमा विश्लेषण | २० |
| ४.२ | चरित्र-चित्रणका आधारमा विश्लेषण | २५ |

४.३ परिवेशका आधारमा विश्लेषण २८
४.४ उद्देश्यका आधारमा विश्लेषण ३०
४.५ भाषाका आधारमा विश्लेषण ३२
४.६ शैलीका आधारमा विश्लेषण ३३

**परिच्छेद ५**
५.१. उपसंहार ३६
५.२ सन्दर्भग्रन्थसूची ३८

**परिशिष्ट १**
पाँचथरमा प्रचलित केही लोककथाहरूको सङ्कलन ३९
कथासं. १. आँखा लोभी मन पापी ३९
कथासं. २. आवाज आउने नहुँदा ज्ञान, आफ्नै पत्नीलाई दोषी ठान ३९
कथासं. ३. प्रतिबाक्के एक मोहोर ४०
कथासं. ४. पाप कति लाग्छ ? ४१
कथासं. ५. पढी मूर्ख ४२
कथासं. ६. सापदेउ ४३
कथासं. ७. मनचिन्ते फल ४४
कथासं. ८. छैटीको भावी ४५
कथासं. ९. मित्रता गाँस्ता ४६
कथासं. १०. लोभले विलाप ४७

**परिशिष्ट २**
अध्ययनक्षेत्रको नक्सा ४९

**परिशिष्ट ३**
लोककथाका सूचक ५०

## अध्ययनपत्रको परिचय

**१.१. अध्येताको पूरा नामथर :-**

राधादेवी बराल

**१.२. अध्ययनशीर्षक :-**

प्रस्तुत अध्ययनपत्रको शीर्षक “कथातत्वका आधारमा पाँचथरे लोक कथाहरुको सङलन, वर्गीकरण र विश्लेषण” रहेको छ ।

**१.३. अध्ययनपत्रको प्रयोजन :-**

यो अध्ययनपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनार्थ प्रस्तुत गरिएको छ ।

**१.४. परिचय :-**

लोक साहित्य लोक जिवनको अभिन्न अङ्गकारुपमा रहेको साहित्य हो । यसलाई समाजको दर्पण पनि भन्निछ । मानवजीवनका शास्वत भावना र हार्दिक अनुभूतिहरूको कलापूर्ण यथार्थ र तात्विक अभिव्यक्ति कथाहरूमा पाइन्छन् । मानव सभ्यताको संवाहकका रूपमा प्रादुर्भूत ज्येष्ठ साहित्य नै लोकसाहित्य हो भन्न सकिन्छ ।

लोकसाहित्य ‘लोक’ र ‘साहित्य’ गरी दुई शब्दको संयोजनबाट निर्मित छ । ‘लोक’ शब्द संस्कृत भाषाको लोकदर्शने धातुमा घञ् (अ) प्रत्यय सम्मिलित भएर बनेको हो । ‘लोक’ शब्दलाई विभिन्न किसिमले अर्थ्याइएको छ । ‘लोक’ शब्दको अर्थ हुन्छ- ‘देख्ने’ वा ‘देखिनेवाला’ ।[1] यसका साथै जगत्, समाज, जनजीवन, भौतिक परिवेश आदि लोक हो । लोक भनेको समाज पनि हो ।[2] यसरी हेर्दा धेरै पुरानो शब्द ‘लोक’ले आधुनिक सभ्यता र ग्रामीण परिवेशको अशिक्षित परम्परागत विचारमा रमाउने जनताहरूको एक समूहलाई जनाउँछ ।

[1] [illegible]

[2] [illegible]

'साहित्य' संस्कृत शब्द हो । 'सहित' शब्दमा 'यत्' प्रत्यय लाग्नाले साहित्य शब्द बन्दछ ।[1] 'हितेन सह सहितम्, सहितस्य भावः साहित्यम्' ।[2] साहित्य शब्दले सहभाव वा सँग हुने भाव बुझाउँछ । साहित्यमा शब्द र अर्थको योग हुन्छ र त्यसैमा उदात्त भावको संयोग हुन्छ । अर्को शब्दमा, साहित्यमा जीवन र जगत्मा प्राप्त विभिन्न अनुभूतिहरूको अभिव्यक्ति हुन्छ । युगौँदेखि मौखिक रूपमा जीवन्त रूपमा कायम रहँदै आएको साहित्य लोकसाहित्य हो ।[3] औपचारिक साहित्यमा झैँ लोकसाहित्यमा कुनै व्यक्ति विशेषको छाप वा प्रभावभन्दा सामूहिक योगदान महत्त्वपूर्ण हुन्छ ।[4] लोकसाहित्य भनेको लोकमा प्रचलित साहित्य हो । यसरी लोकसाहित्यको इतिवृत्तान्तमा समाजको हाँसो-खुसीको अभिव्यक्ति लोकसाहित्यमा पाइन्छ ।

लोकसाहित्यलाई विषयवस्तुका आधारमा वर्गीकरणगर्दा लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, उखानटुक्का र गाउँखाने कथामा विभक्त गरिएको छ । त्यसमा पनि लोकसाहित्यको दोस्रो महत्त्वपूर्ण विधाका रूपमा लोककथा रहेको छ । लोककथामा विभिन्न अवसरमा घटित घटनाहरूको नाटकीय ढङ्गबाट जीवन्त चित्रण र वर्णन गरिएको हुन्छ । आफ्ना अनुभव अरूसँग भन्ने र सुन्ने क्रममा विकसित भएका लोककथाहरूका लागि वक्ता र श्रोता दुवैको आवश्यकता पर्दछ । लोककथामा लौकिक, अलौकिक, सम्भव, असम्भव आदि विषयको कुनै सीमा हुँदैन र ती सबैमा साधारणीकरण भई रसात्मक अनुभूति प्राप्त हुन्छ । समाजको धार्मिक, सामाजिक र सांस्कृतिक मान्यता तथा परम्पराको यथार्थ विवरण बोक्ने साक्षीका रूपमा रहेको लोककथाबाट श्रोताले साहस, वीरता र उत्साहजस्ता भावहरू प्राप्त गर्दछन् । मनोरञ्जन र शैक्षिक ज्ञान दुवै यसबाट प्राप्त हुन्छन् । त्यसैले मानवजीवनका अनुभवका अवशेषहरूलाई समय र स्थानअनुसार समेट्दै र संरक्षित गरेर मौखिक परम्पराबाट पुस्तौँ पुस्तासम्म हस्तान्तरित हुँदै आउने एउटा सागर अथवा संग्रहालयका रूपमा लोककथालाई लिँदा अत्यधिक बखानेको ठहरिँदैन । नेपाली लोकसाहित्यका विविध विधाहरुमध्ये लोककथाको आप्नै पहिचान पाइनछ ।

[1] [illegible]

[2] [illegible]

[3] [illegible]

[4] [illegible]

त्यसैले यस विधालाई लिएर यहाँ पाँचथर जिल्लासँग सम्बन्धित लोककथाहरूबारे अध्ययनपत्र प्रस्तुत गरिएको छ ।

## १.५. अध्ययनको समस्या :-

यस अध्ययनपत्रका मुख्य समस्याहरू निम्नानुसार रहेका छन्–

(क) पाँचथरे जनजीवनसँग सामीप्य राख्ने लोककथाहरूको परिचय दिएको नपाइएको,

(ख) पाँचथर जिल्लामा प्रचलित लोककथाहरूको पृथक्‌रूपमा सङ्कलन र वर्गीकरण गरिएको नपाइएको र

(ग) पाँचथर जिल्लाको जनजीवनसँग सम्बन्धित लोककथाहरूको विश्लेषणात्मक अध्ययन भएको नपाइएको हुनाले यिनै समस्या समाधानार्थ यो अध्ययनपत्र तयार पारिएको छ ।

## १.६. अध्ययनकार्यको उद्देश्य :-

अध्ययन-समस्यामा उठाइएका प्रश्नहरूको समाधानार्थ निम्नलिखित उद्देश्यपूर्तिका लागि प्रस्तुत अध्ययनकार्य गरिएको छ–

(क) पाँचथर जिल्लामा प्रचलित पाँचथरे जीवनसँग सामीप्य राख्ने लोककथाहरूको परिचय दिनु ।

(ख) पाँचथर जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन र वर्गीकरण गर्नु ।

(ग) पाँचथरे जनजीवनसँग सम्बन्धित लोककथाहरूको विश्लेषण गर्नु ।

## १.७. अध्ययनकार्यको औचित्य :-

नेपाली लोकसाहित्यको अध्ययनमा पूर्णता ल्याउन यसका विभिन्न विधाहरूको सामग्री विभिन्न ठाउँबाट सङ्कलन गरी वर्गीकरण एवं विश्लेषण गर्न आवश्यक छ । त्यसैले लोकसाहित्यकै कथा विधाबारे नेपालको पाँचथर जिल्लासँग सम्बन्धित प्रस्तुत अध्ययनले पनि विशेष महत्त्व राख्दछ । पाँचथरमा प्रचलित लोककथाको बारेमा जानकारी लिन खोज्ने पाठकका साथै सो क्षेत्रका अन्य जातजातिमा प्रचलित लोककथासँग तुलनात्मक अध्ययन गर्न चाहनेलाई पनि यस अध्ययनकार्यले लाभ पुऱ्याउँछ । सङ्कलित लोककथाले पाँचथरे जीवनको आर्थिक, भाषिक, भौगोलिक, सांस्कृतिक इत्यादि प्रतिच्छाया स्पष्टरूपमा उतार्दछ । त्यसैले यो अध्ययनकार्य औचित्यपूर्ण रहेको छ ।

## १.८. पूर्वकार्यको समीक्षा :-

पाँचथर जिल्लामा प्रचलित लोककथाहरको छुट्टै अध्ययन अनुसन्धान अहिले सम्म भएको पाइदैन । लोकसाहित्यका अन्वेषकहरवाट यस क्षेत्रमा पूर्वकार्यलाई निम्न अनुसार हेर्न सकिन्छ-

क) लोककथाहरुको सङकलन गर्ने क्रममा बोधविक्रम अधिकारीको 'नेपाली दन्त्य कथा', १९९६, आजसम्मको प्रसिद्ध सङलनका रुपमा परिचित छ ।

ख) ललितजङ्ग सिजापतीका, 'दन्त्यकथामाला' २००३, 'नेपाली ऐतिहासिक कथा सङ्ग्रह' २००८, 'नेपालका लोक कथा २०२४' प्रकाशित भएका छन् ।

ग) शुवर्णशमशेर ज.व.रा. 'दन्त्यकथा' २००५, परम्परासंग सम्वन्धित नौवटा कथाहरु सङ्कलित छन् ।

घ) काजीमान कन्दङ्वाको 'आठकथा', २०१०, आठवटा प्रकाशित छन् ।

ङ) शिवमणि प्रधान र अमरमणि प्रधानको 'कथाकहानी' ई.सं. १९५४, प्रकाशित भएको पाइन्छ ।

च)छ जुजुराम कुस्लेको 'सुनौला कथा', २०१६, नेपाली लोककथाको सङ्कलन प्रकाशित भएको छ ।

छ) इमानसिंह चेमजोङ्को 'किराँती दन्त्यकथा' २०२१, मा किराती राजासँग सम्वन्धित १९ दन्त्यकथाहरु सङ्कलित छन् ।

ज) पासाङ गोपर्माको 'बुहारी', २०२४, पूर्वी नेपालमा प्रचलित ८ कथाहरुका सङ्कलन भएको पाइन्छ ।

झ) ने.रा.प्र.प्र. बाट 'नेपाली लोककथा', २०३२, मा १३२ वटा कथाहरु सङ्कलित गरिएको पुस्तक प्रकाशित भएको छ ।

ञ) धर्मराज थापा र हंसपुरे सुवेदीद्वारा संयुक्त रुपमा लेखिएको 'नेपाली लोकसाहित्यको विवेचना', २०४१ म नेपाली लोककथाका वारेमा पनि चर्चा गरेको पाइन्छ ।

ट) शिवकुमार श्रेष्ठको 'किराँती लोककथा सँगालो', २०५१ प्रंकाशित भएको छ ।

ठ) मोतीलाल पराजुलीले 'नेपाली लोककथाका अभिप्रायको अध्ययन', २०५५,मा विद्यावारिधि गरेका छन् ।

ड) चूडामणि बन्धुले 'नेपाली लोकसाहित्य', २०५८ नामक पुस्तक प्रकाशित गरे, जसमा नेपाली लोककथालाई लोकसहित्यको एक विधाका रुपमा विवेचना गरेका छन् ।

ढ) नरवहादुर दुलालले 'पाँचथर जिल्लाको साहित्यिक योगदान', २०५४, नामक शीर्षकको अध्ययन पत्र तयार पारेका छन् ।

पाँचथर जिल्लामा पंचलित लोककथाहरुको अध्ययन गरेको भने पाइएको छैन । यसरी हेर्दा पाँचथर जिल्ला विशेषलाई लोकसाहित्यको विषयवस्तु बनाएर छिटफुटमात्र अध्ययन गरेको पाइए पनि लोककथाको अध्ययन र विश्लेषण अधुरै रहेको छ ।

## १.९. सामग्रीसङ्कलन विधि :-

यो अध्ययनकार्य पूरा गर्नलाई क्षेत्रीय अनुसन्धान विधि तथा पुस्तकालयीय विधि प्रयोग गरिएको छ । लोककथा सङ्कलनका लागि क्षेत्रीय सर्वेक्षण पद्धति अपनाइएको छ । यस क्रममा गा.वि.स. हरुमा पुगी स्थानीय मानिससँग सोधपुछ, छलफल, प्रश्नोत्तर आदि गरिएको छ ।

## १.१०. अध्ययन-पत्रको सीमा :-

यस अध्ययनपत्रको शीर्षकमा पाँचथर जिल्ला भनिए पनि सामग्री सङ्कननार्थ भाषिक परिप्रेक्षमा यहाँका ४१ वटै गा.वि.स. लाई लिंदा अध्ययनपत्र ज्यादै ठूलो आकारको हुने भएकाले नमुनाको रुपमा केहि गा.वि.स.मा मात्र केन्द्रित भएर लोक कथाहरुको संकलन, अध्ययन र विश्लेषण गरिएको छ । जस्तै : यासोक, रानीगाऊँ, सुभाङ, ओयाम, पौवासार्ताप जस्ता पाँच गा.वि.स.मा केन्द्रित रहेर संकलन गरिएको छ ।

## १.११. अध्ययनपत्रको रूपरेखा :-

यस अध्ययनपत्रको रूपरेखा यसप्रकार रहेको छ :

परिच्छेद- १ अध्ययनपत्रको परिचय

परिच्छेद- २ पाँचथर जिल्लाको सामान्य परिचय

परिच्छेद- ३ लोककथाको परिचय र विधागत वर्गीकरण

परिच्छेद- ४ पाँचथर जिल्लामा प्रचलित लोककथाहरूको कथा तत्वहरुका आधारमा सङ्कलन र विश्लेषण

परिच्छेद- ५ उपसंहार

### परिच्छेद दुई

## पाँचथर जिल्लाको सामान्य परिचय

### २.१. भौगोलिक परिचय :

पूर्वी पहाडी जिल्लामध्येको  पाँचथर जिल्ला पूर्वाञ्चल विकासक्षेत्र अन्तर्गतको मेची अञ्चलका चार जिल्लाहरूमध्ये एक हो । यसको मानचित्र हेर्दा उत्तर-दक्षिण लाम्चो परेको छ । यो जिल्ला २६ं २८' देखि २६ं ५९' उत्तरी अक्षांश र ८०ं २२' देखि ८०ं ३०' पूर्वी देशान्तरभित्र रहेको छ । यो समुद्री सतहबाट ६०९ मिटर र निम्न सतहदेखि ३६६५ मिटरको उचाइमा अवस्थित छ ।⌨ यसको क्षेत्रफल १२४१ वर्गमिटर रहेको छ । ४१ गा.वि.स.मा विभाजित यस जिल्लाको पूर्वमा भारत, पूर्व दक्षिणमा इलाम; पश्चिममा धनकुटा र तेह्रथुम; उत्तरमा ताप्लेजुङ्ग तथा  दक्षिणमा मोरङ्ग जिल्लाहरूले सीमाङ्कन गरेका छन् ।

पहाडी जिल्ला पाँचथर प्रशस्त मात्रामा पानीको स्रोत भएको क्षेत्र कहलीन्छ ।  यहाँ प्रशस्त मात्रामा खोलानालाहरू बगेका छन् । कुनै-कुनै स्थान सुख्खा रहे पनि अधिकांश भागहरू खेलानालाले सिञ्चित छन् । यसलाई धरातलीय स्वरूपमा लेकाली, पहाडी र बेंसी गरी तीन भागमा विभाजन गर्न सकिन्छ । पहाडी र बेंसी भागको अधिकांश क्षेत्र कृषियोग्य छ भने यहाँ खयर, सखुवा ,लालीगुराँस, कटुसजस्ता रूख-बिरुवाहरू पाइन्छन् ।

यस जिल्लामा विभिन्न किसिमको हावापानी पाइन्छ । लेकाली क्षेत्रमा अति चिसो हुनाले हिउँदे याममा कहिलेकाहीं हिमपात पनि हुने गर्दछ भने पहाडी भेगमा लेकाली क्षेत्रको तुलनामा केही न्यानो हन्छ । सामान्यतया जिल्लाको जलवायु चिसो हुनाले बसोवासका लागि यो ठाँउ उपयुक्त मानिन्छ । बेंसी भागमा निबू खोला, साँवा खोला, मौवा खोला आदिका किनारमा रहेका फाँटहरू पर्दछन् जहाँ अत्यधिक मात्रामा खेती गर्ने गरिन्छ । यहाँ वर्षायाममा अधिक पानी पर्ने र हिउँदेयाममा कम वर्षा हुने गर्दछ ।

---

⌨ ■✋♎☹ ▭☸♎♐❀ &♐&♐☸✉ ●⬧✍♐☞♦ ⬧♎❀ ♦☒♐ ▭♐●☒❄ ❑ ❑❄☒♐♑ ▭▤✂⬧♐☸✉ &♐☞❒☒✍ ♌&❀☽♐✉ 🗎🗀⌛🗀✉ & ☯♓🕮▭✦🕉✞❑♐ 🖰 ✍

**२.२. नामकरण :-**

पाँचथर जिल्लाको नामाकरण कसरी भयो भन्ने सन्दर्भमा पुष्टि गर्दा यो जिल्ला तत्कालीन लिम्बूवानका १० प्रान्तमध्ये एक हो । ती प्रान्तलाई थुम भन्ने गरिन्थ्यो र तिनै १० थुममध्ये एक थुमको नामबाट पाँचथरको नामकरण भएको हो ।[🖰] अठारौं शताब्दीअगावै लिम्बूवानमा १० थुम थिए । त्यसबेला यस इलाकाको प्रमुखले ‘परापूर्व कालदेखि आएको परम्परालाई नछोड्ने’ भनी कुरा थामेकोले लिम्बू भाषाको ‘पान्थरु’ (कुरा थाम्यो) भनियो भन्ने उल्लेख छ । कालान्तरमा पान्थरुको उच्चारण गर्न छाडियो र पान्थर भयो । यसलाई हाल सरकारी कामकाजमा नेपालीकरण गरी पाँचथर भनियो ।[🖲] वास्तवमा यही नै यहाँका आदिवासी लिम्बूहरूको भाषिक प्रयोगबाट प्रमाणित हुन्छ । अझै पनि बूढापाकाहरू पाँचथरलाई पान्थर भनी उच्चारण गर्छन् । उनीहरू पान्थर शब्दको सुरुआत पान्थरु (कुरा थाम्यो) बाट नै भएको मान्दछन् । यसरी पाँचथर जिल्लाको नामकरण भएको स्पष्ट हुन्छ ।

**२.३. सामाजिक जनजीवन :-**

पाँचथर जिल्लाबहुजाति र बहुभाषिक जनता बसोवास गर्ने जिल्लाको रुपमा परिचित छ भने अधिकांश जनताहरू कृषिमै संलग्न रहेका छन् । केहीले जागिरे जीवन बिताएको पाइन्छ भने केहीले व्यापार पनि अँगालेका छन् । यहाँका बासिन्दाहरू स-सानो व्यापार-व्यावसायमा सुँगुर-पाठा, गाईगोरु, खसीबाख्रा लगायत कृषिसँग सम्बन्धित व्यवसायमा संलग्न रहेका पाइन्छन् । पाँचथरेहरू नेपालभित्र र बाहिरसमेत सैन्य पेसामा आबद्ध रहेका पाइन्छन् भने कतिपय युवाहरू वैदेशिक रोजगारका सिलसिलामा विभिन्न मुलुकमा रहेका छन् । यहाँको नगदे बालीमा चिया, सुन्तला, कागती, अलैंची, अकबरे खुर्सानी, लोक्ता, चिराइतो, मजिटो, अर्गेली आदि जडिबुटी पर्दछन् ।

शैक्षिक क्षेत्रमा सामान्य जागरण आउँदै गरेको पाँचथरमा शिक्षालाई महत्त्वका साथ हेर्ने गरेको पाइन्छ । जिल्लामा एउटा मात्र जनसहभागितामा आधारीत स्नातक तहसम्मको क्याम्पस रहेको छ तथापि पाँचथरमा अनेक विद्वान्-विदुषी पनि जन्मेका छन् । अधिकांश विद्वान्-विदुषीहरू पाँचथरबाहिर रहेका छन् । शैक्षिक अवस्थितिलाई हेर्दा यस जिल्लामा जम्मा १० उ.मा.वि., ४८ मा.वि., ४३ नि.मा.वि. र ३७४ प्रा.वि

---

🖰 ✎♐♑❁☪♏✍ ♏▪✍♐⚐❀✍ ▭✎♐♌⬧✍ ♋☯⌧♌ॐ ✎♐♑⬧♐❁♓ ♐✍ 🗎🗀⌛🗁✍ ♐☯♓🕮▭✦ॐ✞❒♐ 🗐🖮🗁 ✇

🖲 ■✋♎☹ ▭❁♎♐❀ ♐♐❁✍♐✌⍓✍ ⌘✌♌⬧♐❁ ⌘♐●✌♌⬧ ♍⍓ ❀✍ ❑“♎♐●▭⬧✍ 🗎🗀🖩🖰 ✇

रहेका छन् ।🗁🗀 २०५८ सालको जनगणनाअनुसार पाँचथरमा १,०३,०१४ जना महिला र ९९,०४२ जना पुरुष गरी जम्मा २,०२,०५६ जनसंख्या रहेको पाइन्छ । ६५ प्रतिशत लिम्बू जातिको बसोबास भएको यस जिल्लामा राई, सुनुवार, मगर, तामाङ, गुरुङ, सेर्पा, नेवार, बाहुन, क्षेत्री, कामी, दमाईं, सार्की आदि जातजातिको बसोबास पाउन सकिन्छ ।मुख्य गरेर यहाँका लिम्बु जाति आदिबासी जनजाति मानिन्छन् । पाँचथरमा जातिपिच्छेका सांस्कृतिक भिन्नता छन् । समग्रमा बालविवाह हटिसके पनि जातीय छुवाछूत अझै कायम देखिन्छ । अन्धविश्वासले यहाँका जनतालाई अझसम्म पिरोलेकाले देउ-देउता, भूत-प्रेत, बोक्सी, धामी-झाँक्री, जादु, टुनामुना आदिमा ग्रामीण समुदायको विश्वास गर्ने परिपाटी यथावतै रहेको पाइन्छ ।

पाँचथरमा कतै ठेट नेपाली भाषाको प्रयोग भएको पाइन्छ भने कतै-कतै लिम्बू-नेपाली मिश्रित भाषिका पनि बोलचालमा पाइन्छ । त्यसैले यहाँ नेपालीका वक्ताहरूबीच भाषिक विविधता छ । पाँचथरे वेशभूषालाई हेर्दा यहाँका बूढापाकाहरूले मात्र परम्परागत पोसाक दौरा-सुरुवाल, कोट, टोपी लगाउँछन् । युवायुवतीले उक्त प्रथा त्याग्दै गएको पाइन्छ । बूढीआमाहरू सुनचाँदीका विविध गरगहनाहरूमा सजिन मन पराउँछन् ।

## २.४. धर्म र चाडपर्व :-

पाँचथरमा धार्मिक विविधता पाइन्छ । समग्रमा किराँत धर्म मान्नेहरूको बाहुल्य पाइन्छ । अन्य हिन्दू, बौद्ध, क्रिस्चियन, सत्यहाङ्मा आदि धर्मका उपासकहरू पनि यहाँ रहेका छन् । विविध देवी-देवताको उपासना गर्ने परम्परा अझै प्रचलनमा रहेको छ । यहाँ मूर्तिपूजक र प्रकृतिपूजक दुवै प्रकारका जातिको बसोबास पाइन्छ । तन्त्रमन्त्र, टुनामुना र अलौकिक देवदेवीको उपासनामा विश्वस्त पाँचथरेहरू विविध मुन्धुम, वेद आदि कुरामा विश्वास राख्छन् । पाँचथरमा बस्ने आर्य जातिको आफ्नै संस्कार रहेको पाइन्छ भने आर्येतरका आफ्नै संस्कारहरू रहेका छन् । यहाँका लिम्बू जातिको पनि आफ्नै संस्कार रहेको छ । लिम्बूहरू गालीश्राप माङ्गेना, तङ्सिङ्तक्मा आदि परम्परागत मान्यतामा आधारित धार्मिक विश्वासमा अडेका पूजा संस्कार हुन् । लिम्बूहरूमा पूजा-

---

🗁🗀 ⌘●⌘🖃⬀♒ ♍⬀✦ॐ♌❁✋♋❁🖃 ◆⬀🖬●♑🖬▭🖬▭●❒♑🖃 ♍⬀✦ॐ▭ 🖃⬀✦ 🖅

उपासना गर्दा राँगा, बाखा, सुँगुरपाठा, कुखुरा, परेवा आदिको बलि दिने प्रचलन यथावत् नै छ । यहाँका विभिन्न जातजातिमा पृथक् संस्कार पाइएकाले पाँचथर पनि सांस्कृतिक, धार्मिक विविधता भएको जिल्लाका रूपमा परिचित छ ।

यहाँ दसैं-तिहारलाई विशेष प्राथमिकताका साथ मानिन्छ भने माघे सङ्क्रान्ति, चैते दसैँ, रामनवमी, जन्माष्टमी, साकेला, चासोक तङ्नाम, बुद्धजयन्ती, ल्होसार, दुम्जे मनिरिम्दू आदि चाडपर्व आ-आफ्नै किसिमले विभिन्न जातजातिले धुमधामले मनाउने गर्छन् ।

## २.५. वेशभूषा र भाषिक स्थिति :-

यस जिल्लाका जनताहरू विविध प्रकारका परम्परागत तथा आधुनिक पोसाक पहिरिने गर्छन् । बूढापाकाहरू दौरा-सुरुवाल, ढाकाटोपी र कोट लाउन रुचाउँछन् भने अझ लिम्बूहरूले त दौराको माथिल्लो तुना फुकाली पटुका बेरेर खुकुरी सिउरेको पनि पाइन्छ । बूढीआमाहरू गुन्यूचोली लाउन बढी रुचि राख्छन् । अहिलेका युवायुवतीहरू भने सर्ट, टिसर्ट, पाइन्ट, फ्रक, कुर्ता-सुरुवाल आदि पहिरन रुचाउँछन् ।

पाँचथरमा कथ्य भाषाको बढी प्रयोग गरिन्छ । लिम्बू जातिका मानिसहरू मतृभाषाका रूपमा लिम्बू भाषालाई नै प्रयोग गर्छन् तथापि कसैकसैले नेपाली भाषालाई नै मातृभाषाका रूपमा प्रयोग गरेको पनि पाइन्छ । पाँचथरमा लिम्बू भाषाले प्रभाव नपारेको भाषिका पाइन्न । प्रत्येक लिम्बूभाषेतरहरूले पनि केही न केही लिम्बू भाषाको प्रयोग गर्न सक्नु यसको ज्वलन्त उदाहरण हो । नेपाली भाषा, तत्सम शब्दको प्रयोग, अङ्ग्रेजी लगायत अन्य आगन्तुक शब्दहरूको प्रयोगको प्राचूर्य पनि यहाँ बोलिने भाषामा पाइन्छ ।

## २.६. लोकसाहित्यको स्थिति :-

पाँचथर एक न्यून सहरीकरण भएको ग्रामीण इलाका हो । यहाँ पाश्चात्य शैलीको संस्कृतिको अन्धानुकरण भएको पाइन्न । त्यसैले पाँचथरमा लोकसाहित्यको पकड दर्बिलो रहेको पाइन्छ । यहाँ धान रोपाइँका क्रममा असारे गीत, मेला-पात, घाँस-दाउरा र गोठालो जाँदा लोकगीत घन्काउने गरेको पाइन्छ । यहाँका मूल जाति लिम्बूहरूका संस्कारैपिच्छे लोकसाहित्य पाउन सकिन्छ । धान काट्दा गाइने पालामलाई यसको उदाहरण मान्न सकिन्छ । त्यस्तै, दसैंमा मालसिरी, तिहारमा देउसी-भैलो गाउने र खेल्ने गरिन्छ । देउसी-भैलोमा प्रशस्त ग्रामीण जीवनको छाप पाइन्छ । यसका अतिरिक्त अन्य संस्कारहरूमा त्यहीँको जीवन तथा परम्परालाई

समेटिएका लोकसाहित्यका तत्त्वहरूलाई पाउन सकिन्छ । राती सुत्ने बेलामा हजुरआमाले नातिनातिनाहरूलाई लोककथाहरू सुनाएको पाइन्छ । त्यस्तै प्रत्येक जातजातिका संस्कारभित्र लोकसाहित्यमा पर्ने विधागत स्वरूपका झलकहरू प्रशस्तै पाउन सकिन्छ ।

पाँचथरमा लोकसाहित्यका यस्ता विविध विधाहरू सशक्त रहेका छन् । तसर्थ यहाँ लोकसाहित्यका विविध विधाको अनुसन्धान तथा खोज गर्न जरुरी छ । त्यसमा पनि मूलतः गाउँखाने कथा तथा लोककथाको बारेमा अनुसन्धान एवं अध्ययन गर्नु औचित्यपूर्ण देखिन्छ ।

## २.७ निष्कर्ष

पाँचथर जिल्ला पूर्वी पहाडको हरियालीपूर्ण मनोरम जिल्ला हो । विकास निमार्णका दृष्टिले प्रगतिपथमा क्रमशः अगाडी लम्कदै गएको यस जिल्लामा धार्मिक, ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक दृष्टिकोणले समेत आफ्नै महत्व स्थापित भएको पाइन्छ । सामाजिक सद्भावपूर्ण व्यवहारलाई अगाल्ने यहाँको समुदायको जीवनका सुख-दुःख, हाँसो-रोदन, पीडा, छट्पटी आदिलाई लोकसाहित्यका विभिन्न माध्यमबाट ओकल्ने गर्दछन् । यस्ता मौलिक संस्कृतिको समयमा नै संरक्षण र सम्बर्धनका लागि तिनीहरुको पहिचान गरी सङकलन गर्न समेत जरुरी भएको देखिन्छ ।

रिच्छेद तीन

# लोककथा परिचय र विधागत वर्गीकरण

## ३.१. लोकसाहित्यको परिचय :-

लोकसाहित्य 'लोक' र साहित्य'शब्दको मिलित रूप हो । यसको अर्थ हुन्छ 'लोकको साहित्य' । लोकको अर्थ दुनियाँ भन्ने पनि हुन्छ र दुनियाँको विचार, रीतिस्थिति, संस्कृति, चाडपर्व, अन्तर्भाव आदिसँग सम्बन्धित भावहरू नै लोकसाहित्यमा प्रस्तुत हुने हुँदा यसलाई जनताको साहित्य भन्ने संज्ञाले पुकारिन्छ । मौखिक परम्परामा आधारित पुस्तौंपुस्तासम्म हस्तान्तरित हुँदै आएको यस साहित्यमा लोक भन्नाले दुनियाँ वा समाज र साहित्य भन्नाले लिखित वा मौखिक रूपमा व्यक्त गरिने आन्तरिक भावोद्‌गार भन्ने बुझिन्छ । तसर्थ नेपाली समाजको लोकजीवनमा प्राकृतिक रूपमा बाँचेका, सहरी तडकभडकबाट दूरदराज रहेका मानवहरूको सुकोमल, निष्कपट, सरल एवं रसयुक्त अभिव्यक्तिलाई नै लोकसाहित्य भनी संज्ञित गरिन्छ । यो साहित्य समाजको दर्पण हो र यसलाई मौखिक परम्परामा अवस्थित कृत्रिमतारहित वास्तविक साहित्यको रूपमा लिने काम गरिन्छ ।

ग्रामीण समाजमा ग्रामीण समाजबाटै ग्रामीणजनकै लागि सिर्जित र त्यही समाजमै जीवन्त रहिरहने साहित्य नै लोकसाहित्य भएको हुँदा यसभित्र सामान्य जनजीवनका खुसी, हाँसो, रोदन, दुःख, सुख, पीडा, आँसु, आहत, मर्म र वेदनाका यावत् अभिव्यक्तिहरू अन्तर्भूत हुन्छन् । पहाडी जीवनभित्र आफ्ना अन्तःमनस्थ सुस्केराहरूलाई निःसृत गर्ने क्रममा कलासाहित्य सिर्जित हुन पुग्दछ । यसभित्र बितेको काल र चलिरहेको कालको परिपूर्ण विवरण र आउने कालप्रतिको मधुर आशा व्यक्त भएको हुन्छ । यसमा अनेकन भूखण्डहरूको प्राकृतिक, सांस्कृतिक, मनोवैज्ञानिक कला र लोक-चेतनालाई सुस्पष्ट प्रस्फुटन गर्ने कार्यमा लोकसाहित्य सर्वोपरि स्थानमा पर्दछ भने मनोरञ्जनप्रदायक कार्यमा पनि यो साहित्य त्यत्तिकै सफलीभूत रहन्छ ।

प्रारम्भदेखि नै मौखिक परम्परामा आधारित रहँदै आएको लोकसाहित्य वर्तमानसम्म पनि श्रुतिपरम्परामा नै जीवित रहेको लोकसाहित्यको सुरुआत सृष्टिको उषाकालबाट नै भएको मानिन्छ । यो सहज शैली र सरलीकृत भाषामा नाच्ने हुनाले नै यसले सबैको मनलाई छोई आह्लादित पार्दछ । समाजका सबै प्रकारका मानिसलाई एकताको

अँगालोमा एकीकृत पार्न यो सफल छ । जीवनका सबै कुनाकाप्चालाई चियाउँदै घचघच्याउन पुग्ने र जातीय सेरोफेरोमा भ्रमणशील हुने हुनाले यसको परिचर्चा पनि अधिक हुने गरेको देखिन्छ । त्यसैले यसका व्याख्याताहरूले यो साहित्य भनेको आदिवेद हो भनी व्याख्या गरेका छन् ।

नेपाली लोकसाहित्यका अध्येताहरूले लोकसाहित्यलाई आदिम साहित्यको मूलबिन्दु मानेका छन् । मनभित्र समसामयिक अनुभूतिको सहज प्रस्फुटन र ऐतिहासिक प्रासङ्गिकता प्राप्त गर्न सकिने भएको हुँदा आदिमता एवं नवीनता दुवै उपलब्ध गर्न सकिने कुरामा उनीहरू सहमत  छन् । यस साहित्यमा विविध उपविधाहरू अन्तर्भूत हुने भएकोले लोकका सदस्यहरूले आ-आफ्ना सभ्यता, संकृति, रीतिस्थिति आदिलाई आफ्नै स्थानीयताको धरातलमा प्रस्तुत गर्ने गर्दछन् । यही प्रस्तुति र अभिव्यक्तिको धरातलमा लोकसाहित्य परम्परादेखि गतिशील छ । विश्वको मानचित्रमा नेपाल अन्य केही देशहरूभन्दा आकारमा सानो देखिए पनि विविध जातीयताका कारण यो देशमा संस्कृति, परम्परा र रीतिस्थिति भने अत्यधिक छन् । हीरा, माणिक्य आदि रत्न आकारमा साना भए पनि मूल्यमा गहकिला भएजस्तै गरी सानो देश भए पनि यसका परम्परा र रीतिरिवाज अनेक छन् । अतः यसको वैशिष्ट्य, सौन्दर्य एवं विशालतालाई हृदयङ्गम गर्न नेपालको लोकसाहित्यलाई अध्ययन गर्नुपर्दछ ।

लौकिक जनजीवनको यथार्थसहित मनोविज्ञान र भावनालाई आद्योपान्त बुझ्न लोकसाहित्यको अध्ययन आवश्यक छ । यो साहित्य हाम्रा पूर्वजहरूको अनुभवबाट प्राप्त सम्पत्ति पनि हो । लोकसाहित्य दुःखी, गरिब, ठूला, साना, आइमाई, केटाकेटी, वृद्ध-वृद्धा सबैको प्रिय रहँदै श्रुतिपरंपराबाट प्रत्येकको गलामा भिज्दै गतिशील छ भने यो उनीहरूको अन्तर्मनदेखि निःसृत आँसु, हाँसो, दुःख, सुखको कुटुरो, पीडा, मर्म, रोदन, आह्लाद इत्यादि अन्तर्भावको सुसेली तथा प्रस्तुति पनि लोकसाहित्य हो । सिर्जनाकार अज्ञात भए पनि जीवन्तताको पृष्ठपोषक भनेर यस साहित्यलाई लोकसाहित्यमा मर्मज्ञहरूले परिभाषित गरेका छन् । प्रागऐतिहासिक कालदेखि पूर्वजहरूबाट सञ्चालित मौखिक एवं श्रुतिपरम्परामा बाँच्दै आएको, लोकमानसले अनुभूत गरेका जिन्दगीका तीतामीठा रोदन, पीडा, हाँसो आदि यावत्को अभिव्यक्ति नै लोकसाहित्य हो ।

## ३.२. लोकसाहित्यका विधाहरूको वर्गीकरण :-

विधागत विशेषता लोकसाहित्यलाई वर्गीकरण गर्ने उपयुक्त वैज्ञानिक आधार हो । यस आधारमा लोकसाहित्यलाई वर्गीकरण गर्दा विद्वान्हरूमा मतैक्य पाइन्न ।

भाारतीय विद्वान् कृष्णदेव शर्माले लोकसाहित्यलाई पाँच विधामा वर्गीकरण गरेका छन् भने नेपाली लोकसाहित्यका अध्येताहरूमध्ये केहीले सोही वर्गीकरणलाई आधार बनाउने र केहीले आफ्नै किसिमले वर्गीकरण गर्ने गरेको पाइन्छ । ती वर्गीकरणहरूतिर दृष्टि लगाउँदा तपसिलबमोजिम वर्गीकरण गर्नु उपयुक्त देखिन्छ–

१. लोकगीत

२. लोककथा

३. लोकगाथा

४. लोकनाटक

५. उखान-टुक्का

६. गाउँखाने कथा

यिनीहरूको संक्षिप्त पृथक्पृथक् चर्चा तपसिलअनुसार गरिन्छ–

**३.२.१. लोकगीत :-**

लोक र गीत दुईवटा शब्दहरूको संयोजनबाट निर्मित लोकगीत नेपाली लोकसाहित्यको एक महत्त्वपूर्ण विधा हो । सर्वसाधारण जनसमूहले मेलापात गर्दा, ढिकीजाँतो गर्दा, घाँसदाउरा गर्दा, थकाइ मार्दा आफ्ना मनका भावनात्मक अभिव्यक्तिहरूलाई साङ्गीतिक ढङ्गबाट व्यक्त गर्ने विधा हो- लोकगीत । सानो संरचना भए पनि तीक्ष्ण हुने लोकगीत एक्लै वा सामूहिक रूपमा पनि गाउन सकिन्छ । यसमा भएको रागात्मकताका कारण पनि लोकगीत गाउँदा मानिसहरू आफ्ना दु:ख-कष्ट एवं रोग-भोकलाई पनि  बिर्सन्छन् । लोकसाहित्यका अन्य विधाभन्दा मौलाएको लोकगीतलाई अन्य विधाबाट अलग्याउने तत्त्वचाहिँ यसको लय हो । लय नै लोक गीतको आत्मा हो । विभिन्न भाका र लयमा गाइने लोकगीतहरू जुवारी, असारे, रत्यौली, बालन इत्यादि हाम्रा गाउँघरमा प्रचलित जीवन्त ढुकढुकी हुन् ।

**३.२.२. लोककथा :-**

लोकजीवनमा मौखिक परम्पराद्वारा हस्तान्तरित एवं पुस्तान्तरित हुँदै आएका कथाहरू नै लोककथा हुन् । मानवजीवनमा सुखदु:ख, कल्पनात्मक भावना कलात्मक भाषामा र कलात्मक पारामा भनिने कथा नै लोककथा हुन् । मनोरञ्जनात्मक घटनाहरू औपदेशिक प्रसङ्गका कुराहरू लोककथाका रूपमा भन्ने र सुन्ने चलन भएकाले यस्ता कथालाई ‘भन्नेकथा’ पनि संज्ञा दिइएको पाइन्छ । लोककथामा कीरा-फट्याङ्ग्रादेखि आकाशसम्मको प्रसंग पनि ल्याइएको हुन सक्छ ।

लोककथा भन्ने क्रममा मिथक कथा र किंवदन्तीहरू भन्दा ‘उहिल्यै’ अथवा ‘परापूर्व कालमा’ भनी थालिन्छ । दन्त्यकथाहरू भन्दा ‘एकादेशमा’ भनी थालिन्छ र ‘सुन्नेलाई सुनको माला....’ भनी पूरा गरिन्छ । लोककथा ग्रामीण जीवनमा दिनभरिको थकाइबाट साँझपख बसिबिँयालोको क्रममा भन्ने र सुन्ने गरिन्छ । लोककथा प्रायः यथार्थपृथक् रही कल्पनात्मक र भावनात्मक हुने गर्दछ । राजा-मौनाको कथा, बाबु फाल्ने डोको, सापदेउ, छैटीको भावी आदि ग्रामीण क्षेत्रमा भन्ने र सुन्ने लोककथाहरू हुन् ।

### ३.२.३. लोकगाथा :-

कथा वा आख्यानलाई लयात्मक रूपमा व्यक्त गरिने लोकसाहित्यको कलात्मक विधा नै लोकगाथा हो । यसमा मैखिक परम्परा पाइन्छ अनि लयात्मकता र कथात्मकता पनि । लोकजीवनका अन्तर्वेदना, हर्षोल्लास, आनन्द, देवस्तुति, करुणादायी घटना एवं वीरतापूर्ण साहसका कुरालाई लयात्मकता दिइएको हुन्छ लोकगाथामा । लोकगीतमा झैं लोकगाथामा नृत्य र बाजाहरू आवश्यक पर्न सक्छन् ।

लोकगाथामा ऐतिहासिक, पौराणिक र सामाजिक वस्तुहरू विषय भएर आएका हुन्छन् । लोकगाथा एक पुस्ताबाट अर्को पुस्तामा मौखिक परम्पराबाट हस्तान्तरित हुँदै आउँछ । कुनै गाथाहरू जुनसुकै समयमा गाउन सकिन्छ भने कुनै गाथाहरू आनुष्ठानिक हुनाले अनुष्ठानका अवसरमा मात्र गाउन सकिन्छ । चाँचरी, कर्खा, सङ्गिनी इत्यादि लोकगाथाहरू हाम्रो गाउँघरमा गाउने प्रचलन यथावत् छ ।

### ३.२.४. लोकनाटक :-

लोकले आफ्नो वरिपरिको क्रियाकलापलाई अनुकरण गर्ने गर्दछ । लोकजीवनमा अभिनयद्वारा अनुकरण गरिने एक विधा नै लोकनाटक हो । हाँस्न र रुन समेत सिकाउने लोकनाटकमा लोकजीवनका कथा-व्यथालाई संवादको माध्यम लिएर अभिनय गरी प्रस्तुत गर्ने गरिन्छ ।

लोकजीवनका सांस्कृतिक पक्षलाई समेट्ने हुँदा लोकनाटकलाई ‘लोकनृत्य’ भन्ने गरिएको पनि पाइन्छ । मञ्चमा विभिन्न पात्रले चरित्रको अनुकरण गर्छन् । प्रस्तोताहरूले गीत, नृत्य र वाद्य सामग्रीका सहयोगले आफ्ना प्रदर्शनलाई प्रभावकारी बनाउँछन् ।🗁🗁 लोकजीवनका यस्ता अभिव्यक्तिलाई गाउँघरमा ठाँटी,

---

🗁🗁 ⬩☯♓☽♐🙰✿▭♐♌ 🙰🖃♐♒🕯■☹🖃 ♑❁🙰♐■☹ ❑❖♐♑ 🖃 ◆♐❑☞❖♐♑❁ ⬩⌧♐ 🗎🗀🗄🗐🖃 🙰☯♓🕮▭✦🕉✞❑♐ 🗁🖮🗄 🖎 🗁🖱

पौवा, चौतारी, चौपाटी, चोक र डबलीमा मञ्चन गर्न सकिन्छ । घाटु, सोरठी र भारतजस्ता नाट्यरूपहरू पनि लोकस्तरमा पाइन्छन् ।

**३.२.५. उखानटुक्का :-**

उखान-टुक्का लोकसाहित्यको अर्को महत्त्वपूर्ण विधा हो । कथनलाई तीव्रतर र प्रभावोत्पादक बनाउन उखानले प्रमुख भूमिका खेलेको हुन्छ । पुस्तौँदेखि मौखिक परम्परामा हस्तान्तरित हुँदै आएका उखानहरू अनुभवले खारिएका मानिसका वाणी हुन् । उखान-टुक्कालाई भाषाको अलङ्कार वा गहना मानिएको छ । वास्तवमा यो अनुभवको सार हो । विद्वान्हरूले धेरै समय लगाएर व्याख्या गरी बुझाउन नसकेका कुरा एउटा उखानको प्रयोगले बुझाउन सक्छ । जति उखान-टुक्काको प्रयोग हुन्छ, भाषा उति नै प्रभावकारी बन्न पुग्दछ । जस्तै- ठाउँ न ठहर बूढीको रहर, बाँदरको हातमा नरिवल, आँखा लाग्नु, हाम फाल्नु इत्यादि ।

**३.२.६. गाउँखाने कथा :-**

दुई-चारजना एकत्र भएर हाँसी-रमाइलोको रूपमा कुरैकुराले अड्को थाप्ने र फुकाउने एक विधा नै गाउँखाने कथा हो । यो कथा भन्ने र सोध्ने परम्पराबाट लोकजीवनलाई बौद्धिक कसरत गर्ने र मनोरञ्जन गर्ने अवसर मिल्छ । पहेंली 'जान्नेकथा' र पश्चिम नेपालमा 'साइतर', 'झ्याँगा', 'झिट्टा', 'घाउटा' पनि भन्ने गरिन्छ गाउँखाने कथालाई ।🗁🗎

गाउँखाने कथामा यसको नामअनुसार कथा वा कथानक पाइँदैन । कथाको अत्यन्त सूक्ष्म वा पातलो सङ्केत मात्र पाइन्छ । अड्को थापेर उत्तर पाउन नसकेमा गाउँ मागिन्छ । काल्पनिक गाउँ दिएपछि उत्तर भनिदिनुपर्दछ । दुई जनाभन्दा कम व्यक्तिमा यो कथा सोध्ने कार्य असम्भव हुन्छ । अनुप्रासयुक्त, लयात्मक, उपमानमूलक गाउँखाने कथा हाम्रो समाजमा पाउन सकिन्छ ।

**३.२.७. निष्कर्ष :-**

आजको लिखित साहित्यको बीजरूप लोकसाहित्य लोकजीवनमा प्रचलित साहित्य हो । लोकसाहित्यमा लोकजीवनकै हाँसो, आँसु, हर्ष, पीडा, कथा, व्यथा, उकाली-ओराली, आरोह-अवरोह इत्यादि पाउन सकिन्छ । जे होस् लोकसाहित्यको भण्डार भनेको ग्रामीण जीवन नै हो । मनोरञ्जनबाहेक औपदेशिकता, नीतिगत कुरा

---

🗁🗎 ⬩☯♓☽♐&✿▭♐♌ &✉♐♒🕯■☹✉ &✂♉❀♉♦ॐ

लगायत बौद्धिक तिख्खरता पनि पाउन सकिने लोकसाहित्य मूलतः अशिक्षित समाजबाट नै जन्मेको साहित्य हो । लोकस्तरमा कथ्यरूपमा मात्र रहेकाले अशिष्ट साहित्य भनिए पनि लोकसाहित्यको ठूलो महत्त्व रहेको पाइन्छ ।

## ३.३. लोककथाको परिचय :-

लोककथा लोकसाहित्यको महत्त्वपूर्ण विधा हो । भाषाको उत्पतिसँगै उत्पति भएको मानिने लोककथा लोकजीवनको एउटा अभिन्न अङ्ग भएको छ ।यसले लोकजीवनमा मनोरञ्जन, नैतिक शिक्षा तथा उपदेश दिने गर्दछ । लोकजीवनमा मौखिक परम्पराद्वारा हस्तान्तरित हुँदै आएका कथाहरू नै लोककथा हुन् । एउटाले भन्ने र अरूले सुन्ने हुँदा यसलाई 'भन्नेकथा' पनि भनिन्छ । 'लोककथा' शब्दको प्रचलन भने लोकसाहित्यको विकासपछि मात्र भएको हो । यसले विभिन्न ऐतिहासिक घटनालाई किम्बदन्तीमा गाँस्ने, पुराणका कथालाई मौलिकतामा ढाल्ने र स्थानीय या देउदेउता तथा मेलापर्वको उत्खनन गरी विभिन्न रीति-रिवाज संस्कृति र लोकजीवनका पीडा तथा आनन्दको अभिव्यक्ति गर्दछ ।

नेपाल विश्वको मानचित्रमा छिमेकी राष्ट्रहरूको तुलनामा सानै भए पनि बहुजाति र बहुभाषिकताका कारण यो विविध संस्कार, संस्कृति र रीतिरिवाजमा भने धनी नै राष्ट्र हो । कृषिप्रधान देश नेपाल भएकाले धेरै प्रतिशत जनता कृषिमै निर्भर छन् । खेतबारीमा काम गरी थकित भएका बेला, जाडो याममा अँगेनाको डिलमा बसी आगो ताप्दा, हिउँदे याममा गरिने सामाजिक रीतिरिवाजको समयमा, रातभरि कुलामा पानी कुर्दा, चौतारीमा बसी भनिने ठट्यौलीहरू अथवा कथा, पूजाआजामा दियो जगाएर बस्ता भनिने हरिभजन वा बच्चाहरू फुल्याउँदा वा सुताउँदा भनिने लोरी इत्यादि जे-जति छन् ती सबै लोकसाहित्यका विधाहरू हुन् र तिनमा अत्यन्त लोकप्रिय विधा हो– लोककथा । परापूर्वकालदेखि श्रुतिपरम्परामा हुर्कंदै पुस्तौँपुस्तादेखि हस्तान्तरित हुँदै मौखिक रूपमा जीवित रहँदै आएको यो लोककथा विधा बच्चा, बूढा, जवान सबैलाई मन पर्छ ।

लोककथामा मानवीय र मानवेतर दुवैखाले पात्रहरू पाइन्छन् । लोककथामा यथार्थ जीवनका घटनाभन्दा छुट्टै काल्पनिक संसारका कुराहरू प्रस्तुत हुन्छन् । ढुङ्गा, माटो, नदी, हावा, भीर, पाखा, जनावर, भूत, देवता आदि पात्रहरूका रूपमा आएका हुन्छन् । प्रायः लोककथा मनोरञ्जन र नैतिक शिक्षा दिने उद्देश्यले प्रस्तुत हुन्छन् र यिनीहरू आधुनिक कथाभन्दा बेग्लै हुन्छन् ।

### ३.३.१. लोककथाको परिभाषा :-

लोककथाको सुरुआत सृष्टिको उषाकालबाट नै भएको मानिन्छ । मानवीय सभ्यताको मिर्मिरेबाट नै यसलाई मौखिक वा लिखित रूपमा परिभाषित गरेका अनेक प्रमाणहरू भेटिन्छन् । विभिन्न विद्वान्हरूले आ-आफ्नै प्रकारका परिभाषा दिएका छन् । जस्तै :-

'संसारका प्राणी, वनस्पतिका सुख-दु:खका मार्मिक कथा व्याख्याको आख्यानबद्ध मनोरञ्जनपूर्ण गद्यात्मक प्रस्तुति नै लोककथा हो ।'[🗁🗏]

'लोककथाले आफ्नो वर्णनात्मक भनाइबाट लोकलाई आनन्द दिन्छ, चखिलो र वर्णनात्मक विषयवस्तुमा बुनिएको हुन्छ र चोटिलो रचना पनि हो ।'[🗁🗐]

'लोककथाले लोकमानसको मूलभावनाका रूपलाई स्थूल प्रतीकले अभिव्यक्त गर्दछ ।'[🗁🗄]

'लोकजीवनमा मौखिक परम्परामा हस्तान्तरित हुँदै आएका कथाहरू नै लोककथा हुन् ।'[🗁⌛]

परम्परादेखि लोकजीवनमा मौखिक रूपले चलिआएको कथा नै लोककथा हो भनी नेपाली बृहत् शब्दकोशमा प्रस्तुत गरिएको छ । यसरी विभिन्न विद्वान्हरूद्वारा तथा शब्दकोशमा लोककथालाई आ-आफ्नै तरिकाले परिचित गराइएको छ । जे होस्, सारमा भन्ने हो भने परापूर्वकालदेखि मौखिक परम्परामा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित भएर मानवसमुदायलाई मनोरञ्जन, नैतिक शिक्षा तथा उपदेश दिँदै लोकभावनालाई व्यक्त गर्ने गद्याख्यान नै लोककथा हो ।

उपर्युक्त लोककथाको परिभाषाबाट के थाहा हुन्छ भने लोककथाले तत्कालीन समाजको सामाजिक, सांस्कृतिक, आर्थिक र नैतिक मूल्य तथा मान्यतालाई पुनर्जीवित गर्दोरहेछ । समयको गतिसँगै लोककथाको प्रस्तुतिमा पनि परिवर्तन आइसकेको छ । जे होस् लोककथाले लोकजीवनको प्रतिबिम्बलाई उजागर गर्दछ । यसले समाजमा उपदेश तथा अनुशासनको पाठ सिकाउँछ । नेपाली लोककथाको

---

🗁🗏 ♎♐☸⧫☹■♐■ &📪♐♒🕯■☹📪 ♑☸&♐■☹ ■♐☸⬧◆♐⌂♐📪 🗏🗀🗐 ♌◉📪 &☯♓🕮🖃✦🕉✞□♐ 🗁🗏 📬

🗁🗐 ⬧♎❀📪♐♒ ⌂♐&♐ 📪 ⌧🖃🖃&🕯📪☸ 🖃🕯♏☸♌☹📪 ♑☸&♐■ ☹ ■♐☸⬧🖃♐●⌧❄□⬧♐☸ ●♏♏☸❒♑♐📪 🗏🗀🗐🗁📪 &☯♓🕮🖃✦🕉✞□♐ 🗏🗏🗏 📬

🗁🗄 ❒✂✉♐♎●✆♐ ♋☝⬧🕯📪 ♑☸&♐■☹ ■♐☸⬧🖃♐●⌧❄□📪 🗏🗀🗄🖰📪 &☯♓🕮🖃✦🕉✞□♐ 🗏🖰🗏 📬

🗁⌛ ❒✂✉♐♎●✆♐ ♋☝⬧🕯📪 ♑☸&♐■☹ ■♐☸⬧🖃♐●⌧❄□📪 &✂♏❀ ♏⧫🕉📪 &☯♓🕮🖃✦🕉✞□♐ 🗏🖰🗐 📬

स्रोत नै नेपालको पहाड, लेकबेँसी तथा कन्दरामा बस्ने सीधासोझा ग्रामबासीहरूको जनजिब्रो हो ।

### ३.३.२. लोककथाको स्वरूप :-

गद्य विधामा आउने कथानकयुक्त विषयवस्तु भएको गद्य नै लोककथा हो । यसमा परम्परागत मान्यता र धारणा मात्र नभएर लोकजीवनमा दुःख-सुख, आस्था, विश्वासजस्ता तत्त्वहरू पनि रहेका हुन्छन् । यसको स्वरूपलाई निम्नअनुसार बुँदागत रूपमा प्रस्तुत गरिन्छ–

(क) यसको रचनाकार अज्ञात हुन्छ ।

(ख) स्थान र समयानुसार लोककथा परिवर्तन हुँदै जान्छ ।

(ग) यसमा भाषिक सरलता पाइन्छ ।

(घ) मानवीय र मानवेतर पात्रहरू पनि हुन्छन् ।

(ङ) कथ्य विधा भएकाले कथानकको अनिवार्यता रहन्छ ।

(च) 'एकादेश' वा 'परापूर्वकाल' देखि प्रारम्भ भई 'भन्नेलाई..' भनी अन्त्य हुन्छ ।

(छ) तिलस्मितता रहँदारहँदै पनि सामाजिक पक्ष सशक्त हुन्छ ।

(ज) समूहको आवश्यकता हुन्छ (वाचक र श्रोता) ।

(झ) लामा, छोटा, मझौला जस्ता पनि स्वरूप हुन्छन् ।

### ३.३.३. लोककथा र लिखितकथा

लोककथा र लिखितकथा वास्तवमा एकै जस्ता छन्, जुन मौखिक परपरामा निर्वाह हुँदै आउने गर्दछन् ती लोककथा हुन् भने व्यक्तिले लिपिबद्ध तरिकाले आप्ना भावना र कल्पनाको मिश्रण गरी उतारेको कथा लिखित कथा हुन् । यी दुई बीचमा नजिकको सम्बन्ध छ । यी दुवै कथामा जीवन जगतको चित्रण गरिएको हुनछ । दुवै एउटा निश्चित संरचनामा संरचित हुनछन् । दुवै विधाका तत्त्वहरु समान हुन्छन् । धेरै समानता भएतापनि यी दुईमा केही भिन्नताहरु पनि देखिन्छन् । जस्तैः-

### ३.३.३ (क) लोककथा

१. मौखिक परम्परामा आवद्ध हुन्छ ।

२. ग्रामीण समुदायमा प्रचलित हुन्छ ।

३. कुनै पनि नियममा बाँधिएको हुदैन ।

४. रचनाकार अज्ञात हुन्छ ।

५. सरल भाषाशैली स्वभाविक रुपमा प्रस्तुत हुन्छ ।

६. परिवर्तनशील हुन्छ ।

७. लोकसंस्कृतिको प्रत्यक्ष प्रभाव हुन्छ ।

८. कथावाचक आशिक्षित भए पनि हुन्छ ।

९. बुझ्न सजिलो हुन्छ ।

### ३.३.३ (ख) लिखितकथा

१. लिपिबद्ध हुन्छ ।

२. ग्रामीण र सहरिया दुवै परिवेशमा प्रचलित हुन्छ ।

३. शास्त्रीय नियममा बाँधिएको हुन्छ ।

४. रचनाकार अगाडि आउँछ ।

५. वैयक्तिक भाषाशैली र नाटकीय ढङ्गमा प्रस्तुत हुन्छ ।

६. अपरिवर्तनीय हुन्छ ।

७. व्यक्ति चिन्तन, दर्शन, विचार आदिको प्रभाव हुन्छ ।

८. कथावाचक शिक्षित नै हुनुपर्छ ।

९. कहिले काहीँ कठिन शब्दको प्रयोगले बुझ्न कठिन हुने गर्दछ ।

### ३.३.४. लोककथाका तत्त्वहरू :-

लोककथाले मानिसलाई लामो समयदेखि मनोरञ्जन तथा शिक्षा प्रदान गर्दै आइरहेको छ । यसरी मनोरञ्जन र शिक्षा प्रदान गर्ने करकका रूपमा संरचित लोककथामा यसप्रकारका तत्त्वहरू अवस्थित हुन्छन्–

(१) कथानक

(२) पात्र

(३) संवाद

(४) परिवेश

(५) उद्देश्य

(६) भाषा

(७) शैली

### ३.३.४.१. कथानक

लिखित कथासरह नै कथानक लोककथाको प्रमुख तत्त्व हो । आख्यानयुक्त विधा भएको हुँदा कथानकबिना लोककथाको कल्पना सम्भव छैन । लोककथामा काल्पनिक र यथार्थ दुवै कथानक हुन सक्छन् । लोकजीवनमा आइपर्ने दुःख-सुख, प्रेम, वीरता आदिका सन्दर्भहरू लोककथाका विषय बन्न सक्छन् । यसको कथानकभित्र स-साना सन्दर्भहरू जोडिन सक्छन् जसलाई उपकथा भनिन्छ । यिनै उपकथाहरूले कथालाई रोचक बनाएका हुन्छन् । यी उपकथाहरू काल्पनिक हुन्छन् । कथावस्तुलाई कथानक पनि भनिन्छ ।

लोककथाको आख्यान प्रारम्भ, विकास र उपसंहारजस्ता आख्यान रचना-श्रृङ्खलामा आबद्ध हुन्छ । प्रारम्भमा कथाका बीजहरू देखिन्छन् । बीजहरू बढ्दै गएर कथानकले अर्को गति लिन्छ र कथा विकास भागमा पुग्दछ । कथाको पूर्ण विकास भएपछि कथा चरमोत्कर्ष बिन्दुमा पुग्छ । यही चरमोत्कर्षतापछि कथाले दिने जुन निचोड हो त्यही नै उपसंहार हो ।

### ३.३.४.२. पात्र :-

दोस्रो महत्त्वपूर्ण तत्त्वको रूपमा लोककथामा पात्र रहेको छ । पात्रबिना कथानकको विकास सम्भव हुँदैन । कथानक काया हो भने पात्र त्यसका नसाहरूजस्तै हुन् । लोककथा कल्पनाप्रधान रहने हुँदा यसमा प्रयुक्त पात्र पनि जीवनको यथार्थ धरातलबाट टिपिएका नभएर काल्पनिक संसारबाट ल्याइएका हुन्छन् । पात्रहरू मानवीय र मानवेतर दुवै खाले हुन्छन् । मानवीय पात्रहरूमा राजादेखि रङ्कसम्मका हुन्छन् भने मानवेतर पात्रहरूमा पशुपक्षीदेखि ढुङ्गा, माटो, पानी, भूत-प्रेत आदि हुन्छन् । यी पात्रहरूको क्रियाकलाप यथार्थभन्दा धेरै टाढा हुन्छ । यिनै पात्रहरूको क्रियाकलापबाट लोकजीवनले आनन्दको अनुभूति गर्दै आह्लादित हुन पुग्छ । यसरी लोककथामा पात्र अनिवार्य तत्त्वका रूपमा रहेको हुन्छ ।

### ३.३.४.३. संवाद :-

लोककथाको अर्को तत्त्व संवाद हो । यसमा संवाद शिथिल रूपमा आएको हुन्छ । लोककथामा प्रयुक्त पात्रहरूलाई र कथावस्तुलाई कथयिताले नै बढी मात्रामा प्रस्तुत गर्ने हुनाले संवादमा शिथिलता रहन्छ । लोककथामा पशुपक्षी, ढुङ्गा-माटो पनि पात्र बनी कुरा गर्दछन् । यस्तो संवाद अयथार्थ र अस्वाभाविक भए पनि श्रोतालाई भने यसले मुग्ध बनाएकै हुन्छ । संवादले केही हदसम्म त कथालाई रोचक नै बनाउँछ र यस्तो संवाद श्रोताहरूलाई पनि सुन्न मन लाग्ने हुन्छ ।

### ३.३.४.४. परिवेश :-

लोककथाको अर्को महत्त्वपूर्ण तत्त्व परिवेश हो । लोककथामा ग्रामीण आञ्चलिक, सहरिया, दरबारिया आदि परिवेशको वर्णन पाइन्छ । कथयिताले कथानुरूप नै कथाको परिवेश मिलाएको हुन्छ । यसमा आउने परिवेश लौकिक र अलौकिक दुवै किसिमका हुन्छन् । लौकिक परिवेशअन्तर्गत पृथ्वी र यस धरातलका दृश्य वस्तुहरू तथा गर्न सकिने कार्यहरू पर्दछन् भने अलौकिक परिवेशअन्तर्गत पृथ्वीभन्दा बाहिरी लोक- स्वर्ग, नर्क, पाताल आदि र असम्भव कार्यव्यापारको चित्रण भएका कार्यहरू पर्दछन् । यसरी परिवेश कथामा महत्त्वपूर्ण तत्त्वको रूपमा रहेको हुन्छ ।

### ३.३.४.५. उद्देश्य :-

उद्देश्य लोककथाको अर्को महत्त्वपूर्ण तत्त्व हो । लोककथाले लामो समयदेखि जरा गाड्दै आउनु र सधैं लोकप्रिय हुनुको कारण यसबाट प्राप्त हुने मनोरञ्जन नै हो । लोककथाको मुख्य उद्देश्य लोकजीवनमा मनोरञ्जन प्रदान गर्नु र नैतिक उपदेश, धार्मिक एवं सांस्कृतिक ज्ञानजस्ता कुराहरू प्रदान गर्नु हो । उद्देश्यबिनाको कुनै पनि कार्य सम्भव छैन; यसैले लोक कथामा उद्देश्य महत्त्वपूर्ण तत्त्वको रूपमा रहेको हुन्छ ।

### ३.३.४.६. भाषा शैली :-

लोककथामा भाषा पनि महत्त्वपूर्ण तत्त्व हो । लोककथाको कथावाचक र श्रोताहरू पनि प्रायः ग्रामीण तथा विकट क्षेत्रका अशिक्षित तथा अपठित जनताहरू भएका हुँदा भाषा बुझ्न सरल हुने गर्दछ । लिखित कथामा जस्तो क्लिष्ट भाषाको प्रयोग लोककथामा हुँदैन । सरलताका साथै प्रादेशिक भाषिकाको प्रयोगमा कथा कथिने हुँदा सर्वसाधारणले पनि सजिलोसँग बुझ्न सक्ने हुन्छ । लोककथाको अर्को तत्त्व शैली हो । लोककथा सरल भाषामा प्रस्तुत  गरिन्छ । कथावाचक र श्रोताहरू प्रायः अशिक्षित नै हुने हुँदा यसको शैली पनि प्रायः ग्रामीण भाषामा हुनु स्वभाविकै हुन आउँछ । वर्णनात्मक, गर्भ-कथात्मक र क्रमसंवर्द्धनात्मक गरी तीन प्रकारका शैलीबाट कथा भन्ने गरेको पाइन्छ । वर्णनात्मक शैलीअन्तर्गत 'एकादेशमा यस्तो थियो रे' भन्दै कथाको वर्णन गर्नुपर्ने हुन्छ र गर्भ-कथात्मक शैलीमा भने मूल कथाभित्र आएका स-साना उप कथा वा गर्भ कथालाई जोड्दै लोककथा भन्ने गरिन्छ भने क्रमसम्वर्द्धनात्मक शैलीभित्र एउटै विषय बारम्बार पुनरावृत्ति गराएर भन्ने गरिन्छ । यी तीनवटै शैलीको प्रयोगबाट कथा भन्ने र सुनाउने गरेको पाइन्छ ।

### ३.३.४. लोककथाको वर्गीकरण :-

परापूर्व कालदेखि लोककथाहरू प्रचलित हुँदै आए । यिनको खास वर्गीकरण भने सुस्पष्ट रूपमा देखिँदैन । यसलाई वर्गीकरण गर्न गाह्रो हुनुमा यस विधाले पाएको सर्वव्यापकता पनि हो । व्यापक र विस्तृत क्षेत्रलाई ओगटेको भए पनि वैज्ञानिक तरिकाले वर्गीकरण गरेर यसका विविध क्षेत्रलाई केलाउने कार्यमा सफलता हासिल गर्नु यस लघु अध्ययनको ध्येय रहेको छ ।

प्राचीन संस्कृत साहित्यका आचार्यहरूले पनि लोककथालाई विधागत रूपमा छुट्याएर वर्गीकरण गर्ने कोशिस गरेको पाइन्छ ।  जस्तैः

आनन्दवर्धनले लोककथालाई -

(१) परीकथा

(२) सकल-कथा

(३) खण्ड-कथा गरी तीन भागमा विभक्त गरेको पाइन्छ ।

हरिभद्रले

(१) अर्थकथा

(२) कामकथा

(३) धर्मकथा

(४) सङ्कीर्ण कथा गरी चार भागमा विभक्त गरेका छन् ।

यसैगरी दिनेशचन्द्रले

(१) रूपकथा

(२) हास्य कथा

(३) धार्मिक कथा

(४) गीति कथा गरी चार भागमा नै विभाजन गरेका छन् ।

त्यस्तैगरी अर्का विद्वान् कृष्णदेव उपाध्यायले

(१) प्रेमकथा

(२) उपदेश-कथा

(३) सामाजिक कथा

(४) व्रतकथा

(५) मनोरञ्जन-कथा

(६) पौराणिक कथा गरी छ भागमा विभक्त गरेको पाइन्छ ।

यसरी विभिन्न वर्गीकरणलाई अन्वेषण गर्दा कुनै पनि विद्वान्ले सम्पूर्ण क्षेत्रलाई समेटेर लोककथालाई वर्गीकरण गरेको भेटिँदैन । तसर्थ नेपाली लोकसाहित्यमा प्रख्यात यस साहित्यका व्याख्याता तथा खोजकर्ता तुलसी दिवसले गरेका नेपाली लोककथाहरूको वर्गीकरणलाई सान्दर्भिक मान्न सकिन्छ । उनका अनुसार नेपाली लोककथालाई दस भागमा विभाजन गरेको पाइन्छ ।🗁🖮

(क) सांस्कृतिक एवं ऐतिहासिक लोककथा

(ख) उपदेशमूलक लोककथा

(ग) पशुपक्षीका लोककथा

(घ) मानवीय स्वभाव र प्रवृत्तिका लोककथा

(ङ) अतिमानवीय रूपका लोककथा

(च) दैवी लोककथा

(छ) फलफूलका लोककथा

---

🗁🖰 ♦🕯■▬☹ ●♌♏⌘🖃 ♑❅♐■☹ ■♐❅⬧⬧⌧♐🖃 🗎🗀🗏🗎 🖎

(ज)		धार्मिक लोककथा

(झ)		साहस र बहादुरीका लोककथा

(ञ)		विविध लोककथा

## ३.३.५.	निष्कर्ष :-

लोकजीवनको अभिन्न अंगको रूपमा लोकसाहित्य रहेको छ । श्रुति-परम्परामा आधारित लोक साहित्यको क्षेत्र आधुनिक साहित्यको भन्दा व्यापक रहेको पाइन्छ । यसका विभिन्न विधाहरूका आ-आफ्नै प्रकारका उत्पत्ति, स्वरूप, परिचय, क्षेत्र, विशेषता र वर्गीकरण रहेका छन् । लोकसाहित्यका विभिन्न विधाहरूमध्ये लोककथा एउटा मनोरञ्जनात्मक र उपदेशात्मक विधा हो । प्राचीन कालदेखि भनिँदै-सुनिँदै आए पनि यसको सङ्कलन भने बीसौं शताब्दीको अन्तिम दशकदेखि मात्र भएको पाइन्छ । श्रुतिपरम्परामा आधारित यो विधा साहित्यमा सबैभन्दा जेठो सहित्य हो ।

वास्तवमा लोककथाभित्र लोक जीवन र यसका हरेक पक्ष सामाजिक, सांस्कृतिक, परंपरा अदिको चित्रण पाइन्छ । यसले समाजका हरेक पक्षको अध्ययनमा सहयोग पुऱ्याउँछ । भाषा सहित्यका दृष्टिले पनि लोक कथाहरुको अध्ययन औचित्यपूर्ण रहन्छ । । यसमा भाषा सरल, सशक्त र प्रभावशाली बनेको हुन्छ भने यस्ता कथाहरु बूढापाका, शिक्षित तथा अशिक्षत वर्ग हुँदै लोक अनुभवमा खारिएर रहेका हुन्छन् ।

# परिच्छेद चार

## पाँचथरे लोककथाहरूको कथातत्त्वकाआधारमा सङ्कलन र विश्लेषण

### ४.१. पृष्ठभूमी

जसरी आधुनिक कथा निर्माणका सन्दर्भमा ख्यातिप्राप्त स्रष्टाको जरुरत पर्दछ त्यसरी लोककथा निर्माणमा स्रष्टाको जरुरत पर्दैन । लोककथा त स्थानीय वातावरणको सेरोफेरोमा जन्मिएका हुन्छन् । यी कथाहरू सरल र सामान्य ग्रामीण भाषामा प्रस्तुत हुने हुँदा बोधगम्य पनि हुन्छन् । सहजता र सरलता नेपाली लोककथाको आफ्नै वैशिष्ट्य हो । सरल र सहज हुँदाहुँदै पनि लोककथाको निर्माणमा केही निश्चित तत्त्वहरूले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । लोककथा अन्वेषक भनौँ वा यस विधामा चासो राख्ने विज्ञहरूको मतमा भने लोककथाका तत्त्वहरूका बारेमा एकरूपता पाइँदैन । यस साहित्यका अध्येता श्रीराम शर्माले लोककथाका तत्त्वहरूमा कथावस्तु, पात्र, कथोपकथन, चरित्रचित्रण, वातावरण, शैली र उद्देश्यलाई लिएका छन् भने सत्येन्द्रले लोकमानस, कथावस्तु, पात्र, अभिप्राय, घटनाहरू, सङ्घटनाहरू, कथामानस, उपयोगको दृष्टि, अलङ्कारको प्रयोग र वातावरणलाई लिएको पाइन्छ ।

### ४.२. कथातत्त्वका आधारमा लोककथाहरूको विश्लेषण

लोककथाका तत्त्वहरूको बारेमा विद्वान्हरूका मतमतान्तर भए तापनि पाँचथर जिल्लाको सेरोफेरोमा प्रचलित लोककथालाई कथावस्तु, पात्र, परिवेश, संवाद, भाषा, शैली र उद्देश्यका आधारमा विश्लेषण गर्ने जमर्को गरिएको छ ।

### ४.२.१. कथावस्तुका आधारमा विश्लेषण

कथावस्तुमा प्रारम्भ, मध्य र अन्त्यको निर्वाह गर्न सक्षम तथा परस्पर सम्बद्ध र अर्थयुक्त घटनाहरूको क्रमिक अनुबन्ध वा चारित्रिक कार्यव्यापारको स्वरूपलाई कथानक भनिन्छ । कथानक वा कथावस्तुले कथाको चरित्रविकासमा सहयोग पुऱ्याउने र योगदान दिने यसको मुख्य उद्देश्य हो । कथावस्तुलाई कथासंरचनाको सबैभन्दा स्थूल र सबल तत्त्व मानिन्छ । कथाको मूल्यनिर्धारण समेत कथावस्तुकै आधारमा हुन्छ ।

संसारका जुनसुकै स्थानमा प्रचलित लोककथाहरू कथावस्तुका दृष्टिले हेर्दा अत्यन्त धनी हुन्छन् । नेपाली लोककथाहरूको सेरोफेरो र यसभित्र सङ्कलित लोककथाहरू पनि कथावस्तुमा कमजोर छैनन् । पाँचथर ऐतिहासिक तथा अनेकन सांस्कृतिक सम्पदाले भरिपूर्ण जिल्ला भएको हुँदा यहाँ प्रचलित लोककथाहरूमा पनि कथावस्तुको गहनता, मार्मिकता र लोकजीवनसँग सामीप्य सम्बन्ध गाँसिने स्तरका छन् । यहाँका लोकथाहरूमा टुनामुना, जादु, परी, दुष्ट चरित्र आदिको प्रधानता; चरित्र एवं उपदेश; मनोरञ्जनात्मक कथावस्तु भएका लोककथाहरू पाइन्छन् । यहाँका लोककथामा प्रतीकात्मकता पनि भेट्न सकिन्छ ।

लोककथाभित्र उपकथा पनि पाउन सकिन्छ; जसले गर्दा मुख्य कथाहरूमा भन्दा लौकिक कथाहरूमा प्राय: अन्त:कथाका सङ्ख्याहरू बढी देखिन्छन् । फलस्वरूप मुख्य पात्रहरूको आन्तरिक विश्लेषणले गर्दा कथावस्तुलाई झनै कौतुहलपूर्ण बनाएको हुन्छ । कल्पना-तत्त्व बढी हुने गर्दा कतिपय घटनाहरू अवास्तविक र अतिशयोक्तिपूर्ण लाग्ने गर्दछन् । यस्ता चरित्रबाट पाँचथर जिल्लाका लोककथाहरू पनि अछूत छैनन् ।

लोककथामा घटनाको प्राधान्य हुन्छ । मूल कथावस्तुले विभिन्न घटनाहरूको संयोजन गर्दै अगाडि बढेको हुन्छ । कथाको लक्ष्य भने उपदेशमूलक, मनोरञ्जनात्मक, नैतिक, धार्मिक र सूचनामूलक के-कस्ता छन् भनेर अध्ययन गर्ने एउटा विन्दु हुन्छ । सङ्कलि कथाहरुलाई कथावस्तुको आधारमा कथांसपछि विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ४.२.२. चरित्रचित्रणका आधारमा विश्लेषण :-

कथानकपछि पात्रहरूको भूमिका हरेक लोककथामा महत्त्वपूर्ण रहेको हुन्छ । प्रकृतिमा पाइने मानव, पशुपक्षी, ढुङ्गा, माटो, नदीनाला, देवी-देवता, बोट-बिरुवा, लौरो, भटमास, जीवजन्तु इत्यादि विभिन्न पदार्थहरू लोककथाका पात्र बन्न सक्दछन् । लोककथामा यस्तो पात्र मात्र रहनुपर्छ भन्ने केही बन्देज हुँदैन । लोककथामा निर्जीवले पनि मानिसले जस्तै बोलचाल गरी मानवीय व्यवहार गरेको पाइन्छ । कुनै मुख्य पात्रका रूपमा, कुनै सहायक पात्रका रूपमा तथा कुनै गौण पात्रका रूपमा रहेका हुन्छन् । कथामा मुख्य पात्रको भूमिका मुख्य नै रहेको हुन्छ । मुख्य पात्रलाई सहयोग गरी कथानकलाई गतिशील बनाउने सहायक पात्रका रूपमा र आफू अप्रत्यक्ष रूपमै रहेर पनि कथालाई अगाडि बढाउने पात्र चाहिँ गौण पात्रका रूपमा रहेको पाइन्छ । प्रमुख पात्रहरू आदर्शवादी, लडाकू, हिम्मती, संघर्षशील, वीर, निडर, स्वाभिमानी तथा आदर्शवादी बनाएर खडा गरिएको हुन्छ । यहाँ सङ्कलित कथामा पनि उक्त तीनै प्रकारका पात्रहरू रहेका छन् ।

### ४.२.३. परिवेशका आधारमा विश्लेषण :-

जसरी आधुनिक कथामा कथाकारको व्यक्तिगत प्रभाव बढी हुन्छ त्यसरी नै लोक कथामा कथाकारको व्यक्तिगत प्रभाव हुँदैन वा कम हुन्छ । लोकथामा वाचकको वैयक्तिक भाषाका सम्बन्धमा प्रभाव परे तापनि अन्य तत्त्वमा भने त्यसको स्थान कमै हुन्छ । भाषामा वैयक्तिकभन्दा स्थान विशेषको सामाजिकताले बढी प्रभाव पारेको पाइन्छ । लोककथामा सामाजिक वातावरण कुनै न कुनै रूपमा भित्रिएको हुन्छ । लोककथा सामाजिकताको संकेत हो भने लोकतत्त्व सामाजिक वातावरणको उपस्थितिको ।

### ४.२.४. उद्देश्यका आधारमा विश्लेषण :-

जुनसुकै कथामा उद्देश्य एउटा अनिवार्य तत्त्वका रूपमा रहन्छ । उद्देश्यमा लेखक वा रचनाकारको सामान्य वा विशिष्ट जीवन दृष्टिको विवेचना हुन्छ । लोककथाका सन्दर्भमा भन्दा समग्र लोकसाहित्यको मूल उद्देश्य जनमानसमा मनोरञ्जन दिने भए तापनि कतै न कतै, कुनै न कुनै रूपमा उद्देश्य वा विचारको पनि सम्लग्नता पाउन सकिन्छ । लोककथामा लोकतत्त्वको अनिवार्यताको कारणले सर्वमान्य अथवा सर्वसाधारणको जीवनदृष्टि पाउन सकिन्छ । पाँचथर जिल्लामा प्रचलित सङ्कलन गरिएका लोककथालाई उद्देश्यका आधारमा कथांसपछि विश्लेषण गरिएको छ ।

### ४.२.५. भाषाका आधारमा विश्लेषण :-

स्वभाविक रूपमा जनजिब्रोका उखानहरूको प्रयोग भएको पाइन्छ । 'भाग्गेमा भए गोजीभरि', 'काँ पऱ्यो औसानी आफ्नै भागाँ' आदि यसका उदाहरण हुन् । यसरी नै अनुकरणात्मक शब्दहरू पनि कथामा छन्– 'फ्यात्त फेको', 'सलल बग्यो' । 'सापदेउ', 'तन्तर-मन्तर' जस्ता स्थानीय ठेट भाषाको प्रचूर मात्रामा प्रयोग पाइन्छ । यहाँको स्थानीय मातृभाषामा लिङ्ग, वचन आदिको ख्याल नुहने भाषिक विशेषता हुँदा यसको प्रभाव पनि यी कथाहरूमा प्रत्यक्ष देख्न पाइन्छ; जस्तै :- लोग्ने-स्वास्नी गएछ, केटी पनि लडेछ, मू जान्छा । यी कथामा पाइने संवाद सरल र स्पष्ट खालका छन् । यसैले सजिलै बुझ्न सकिन्छ ।

लोककथाको निम्ति भाषा महत्त्वपूर्ण तत्त्व हो । यसका कथावाचक र श्रोता पनि प्रायः ग्रामीण तथा विकट क्षेत्रका अशिक्षित र अपठित जनताहरू भएका हुँदा भाषा बुझिने खालको सरल हुन्छ । लोककथामा क्लिष्ट शब्दको प्रयोग हुँदैन । यहाँ सङ्कलित कथाहरूमा प्रायः स्थानीयताको रङ्ग देख्न सकिन्छ । स्थानीय भाषिकाको प्रचूर मात्रामा प्रयोग भेट्न सकिन्छ । जस्तै 'हामी जूँ', 'लोग्नेस्वास्नी थेछ', 'आप्पा गो', 'बाउ आयो', 'मु पुनि खान्छ' जस्ता स्थानीय शब्दहरूको प्रयोग यहाँका लोककथाहरूमा प्रशस्त पाइने हुनाले स्थानीय जस-कसैले पनि सजिलै बुझ्न सक्दछन् ।

### ४.२.६ शैलीका आधारमा विश्लेषण :-

आधुनिक कथामा जस्तो जटिलता लोककथाहरूमा हुँदैन । यसमा पाइने शैली ज्यादै सरल र स्पष्ट खालका हुन्छन् । आधुनिक कथामा कथाकारले कथाको आदि, मध्य र अन्त्य जसरी पनि गर्न सक्छ तर लोककथामा सधैं 'एकादेश' , 'परापूर्वकाल', 'कुनै गाउँमा', 'धेरै-धेरै वर्ष पहिले' जस्ता वाक्यांशबाट सुरु गरी 'सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला, यो कथा वैकुण्ड जाला भन्ने बेलामा तुरुन्त आउला' भनेर अन्त्य गरिन्छ । तसर्थ यी पाँचथरे लोककथाहरूमा यसै प्रकारको वर्णनात्मक शैलीमा प्रस्तुत कथाहरू भनिएका छन् । श्रुतिपरम्पराबाट पुस्तान्तरित हुँदै आउनु लोककथाको विशेषता भएकाले अज्ञात भूतकालीन क्रियाको प्रयोग कथनशैलीमा अनिवार्य रहन्छ, अतः यहाँ सङ्कलित लोककथाहरूको 'भएछ', 'गएछ', 'थिएछ', 'खाएछन् रे', 'बस्थेछ' जस्ता अज्ञात भूतकालीन क्रियाप्रयुक्त कथनशैली यी कथालाई दृष्टिगोचर गर्दा देख्न सकिन्छ–

**४.२.७. निष्कर्ष :-**

श्रुतिपरम्परामा आधारित लोक साहित्यको क्षेत्र आधुनिक साहित्यको भन्दा व्यापक रहेको पाइन्छ । अर्ती, उपदेश, धार्मिक सन्देश, नैतिक भाव तथा आस्थाको भावना जगाउनुका साथै प्रायःजसो मनोरञ्जन दिनु लोककथाको उद्देश्य रहन्छ । तिनै उद्देश्यले परिपूर्ण लोककथाहरू पाँचथर जिल्लामा पनि प्रचलित रहेका छन् । वर्णित यस परिच्छेदमा यस जिल्लामा प्रचलित लोककथाहरूको कथातत्त्वका आधारमा विश्लेषण गरिएको छ । अन्यत्र जस्तै यस जिल्लाका लोककथाहरूमा पनि लोकमानसका भावनाहरू पाइन्छन् । यी कथाहरूले पनि समाजमा शिक्षा, उपदेश तथा मनोरञ्जन दिएको पाइन्छ । श्रुतिपरम्परामा बाँच्ने र एक पुस्तादेखि अर्को पुस्तामा हस्तान्तरित हुँदै आउने भएकाले यो परम्परा कायम नरहेमा यस्ता कुराहरू कालान्तरमा लुप्त हुने सम्भावना रहन्छ । अतः अबको पुस्ताले यसको सम्बर्द्धन र संरक्षण गर्नुपर्ने आवश्यकता देखिन्छ । लोक साहित्यका खोजकर्ताहरूले पनि यसमा बढी चासो राख्नुपर्ने देखिन्छ ।

**४.१.४. <u>पाप कति लाग्छ</u> ? कथासार तथा विषयवस्तु :-**

संयोगान्त तथा उपदेशमूलक विषय भएको यस कथामा एक जना साधु दिव्य बाह्र वर्ष लगाएर तपस्या गर्दछन् । त्यसपछि भगवान्को दर्शन गर्न जाने क्रममा बेलपत्र टिप्न लाग्दा एउटा हाँगो भुक्किएर भाँचिन पुग्दछ । हाँगो भाँचेको पापको प्रायश्चित्तका लागि फेरि बाह्र वर्ष तपस्या गर्नुपर्ने भगवान्को सुझाव हुन्छ । एउटा किसान बेलघारीमा धमाधम हज्जारौं बेलका रूख फाँडी खेती गर्न लाग्दा त्यसलाई भने कुनै पाप नलाग्ने प्रसङ्ग यस कथामा छ । लोभी भएर कुनै दान, पुण्य र सेवा नगरी टालटुल गरी कर्मकाण्ड गरेबापत अजिङ्गर भई लडेको एउटा पुरेतको घटना; एउटा मान्छेले चौतारो बनाई प्रतिष्ठा गरेको बीसौं वर्षसम्म पनि कुनै पालुवा तथा शाखाहरू नपलाएका जस्ता रोचक कुराहरू पनि कथामा पाइन्छन् । यसको कारण त्यो चौतारो-निर्माताले त्यहाँ 'गारधन' राखेको तर त्यो धन झिकी परोपकारी कार्यमा तथा गरिब-दुःखीमा लगानी गरे मात्र चौतारोमा नवपालुवा पलाई झ्याँगिने तथ्य पनि यस कथाले उपदेशात्मक पारामा परोपकारी र समाजसेवी बन्ने ज्ञान दिलाउन सक्दछ ।

अतिरञ्जनात्मक तत्त्व र संस्कृतिको सम्मिश्रण भएको उक्त कथामा सांस्कृतिक विषयवस्तु पनि देखिन्छ । नागपञ्चमीका दिन सर्पको पूजा गर्ने संस्कृति कसरी चल्यो भन्ने कारण पत्ता लगाउने क्रममा यो लोककथा बनेको देखिन्छ ।

४.१.७. <u>मनचिन्ते फल</u> **कथासार तथा विषयवस्तु :-**

हास्यप्रधान यस कथामा एउटा लठेब्रो बजार घुम्न गएको बेलामा बजारमा फर्सी देखेर पसलेलाई 'यो के हो ?' भन्दै सोध्दछ । पसलेले पनि फर्सी पनि नचिन्ने ग्वाङ्ग्रे ठानी 'मनचिन्ते फल हो ।' भनिदिन्छ । ऊ पनि हो न हो, चिताएको पुग्ने भो भन्ने ठानी त्यही फर्सी किनेर घरतिर लाग्छ । जङ्गलको बाटामा उसलाई दिसा लाग्दछ र त्यो मनचिन्तेलाई रुखको कापमा अड्याएर झाडीतिर पाखा जान्छ । त्यत्ति नै खेर हुरी-बतास आएर फर्सी रुखबाट झरी ठूलो आवाज गर्दै फुट्दछ । फर्सी फुटेको आवाजले झाडीमा लुकेको स्याल डराएर भाग्दै गरेको लठेब्रोले देख्दछ र 'त्यो मेरो मनचिन्ते निस्केर भागेछ' भन्दै स्यालको पछिपछि दौडन्छ । गलेर लखतरान भएर चिच्याउँदै घरमा आएर लठेब्री स्वास्नीलाई सबै कुरा बताउँछ अनि ऊ पनि बूढासँगै 'हाम्रो मनचिन्ते फल' भन्दै रुन थाल्दछे । हास्यात्मकता भएको प्रस्तुत कथाको प्रारम्भ, विकास र उपसंहार सुसङ्गढित छ ।

४.१.१०. <u>लोभले विलाप</u> **कथासार तथा विषयवस्तु :-**

सामाजिक कथावस्तु भएको यस कथाका पात्र बूढाबूढी निःसन्तान हुन्छन् । उनीहरूलाई रोटी खाने इच्छा जाग्दछ । दुवै मिली तेल, चामलको बन्दोबस्ती मिलाउँछन् । बूढीले जम्मा तीनवटा मात्र रोटी पकाउँछे । रोटी बराबर बाँडेर खानुको सट्टामा भोलिपल्ट जो ढिलो उठ्छ उसैले दुईवटा खाने सर्तमा उनीहरू सुत्दछन् । भोलिपल्ट दुवै लोग्नेस्वास्नी धेरै अबेरसम्म नउठ्दा छिमेकीहरू मिली दैलो फुटाएर गई हेर्दा उनीहरू मरे झैँ गरी हलचल नभएको देख्दछन् । गाउँलेहरूले निश्चय नै मरेको ठानी घाटमा पुऱ्याउँछन् र जलाउने सुरसार गर्दछन् । दुवै जनालाई जलाउन दाउरा नपुग भएकाले तीन जनाले बूढाबूढीलाई रुँगेर अरूले चाहिँ जङ्गल गई दाउरा ल्याउने सल्लाह हुन्छ । सोहीअनुसार तीनजनाले पोल्न प्रारम्भ गर्दछन् त्यत्ति नै बेला 'आत्था पोल्यो तँ नै दुईवटा खा म एउटै खान्छु' भन्दै बूढो पहिले चिताबाट उठ्छ र पछि बूढी पनि जुरुक्क उठ्छे । पोल्न बसेका तीनजना मलामी भने यिनीहरू भूत भएका रहेछन् हामी तीनै जनालाई खाने सल्लाहले उठे भनी त्यहाँबाट कुलेलम ठोक्दछन् । बूढाबूढी चाहिँ घरमा पुगी रोटी हेर्दछन् त भाँडो रित्तो भेट्छन् ।

हास्य चरित्रचित्रणमा आधारित विषयवस्तु भएको यस लोककथाले कुनै पनि मानवले अधिक हठ र लालच वा लोभ गर्नुहुन्न; यदि अत्यधिक हठी र लोभी बनेर समझदारी नगरेमा बूढाबूढीले रोटी गुमाएर विलाप गरे झैँ लोभले विलाप हात लगाउँछ भन्ने सन्देश सम्प्रेषण गरेको छ ।

४.२.४. <u>पाप कति लाग्छ ?</u> **कथामा चरित्रचित्रण :-**

यस कथाको मुख्य पात्रको रूपमा तपस्वीलाई लिन सकिन्छ । किनकि सुरुदेखि अन्त्यसम्म उसले सबै भूमिका निभाएको छ । कथावस्तुलाई विकास गराउने सहायक

पात्रको रूपमा यहाँ कुनै पनि पात्रलाई लिन गाह्रो छ तापनि परमात्माको भूमिकालाई हेर्दा सहायक पात्रको रूपमा लिन सकिन्छ । गौण पात्रको रूपमा भने किसान, चौतारामा भेटिएको मान्छे र अजिङ्गरलाई लिन सकिन्छ ।

**४.२.७. <u>मनचिन्ते फल</u> कथामा चरित्रचित्रण :-**

लठेब्रो मान्छेलाई नै यस कथाको प्रमुख पात्रका रूपमा लिनुपर्दछ । कथाको सुरुदेखि अन्त्यसम्ममा उसैले नै सक्रिय भूमिका खेलेको भेटिन्छ । उसकी श्रीमती र पसले भने सहायक पात्रका रूपमा देखा परेका छन् । यिनीहरूले पनि कथावस्तुलाई अगाडि बढाउने काम गरेका छन् । गौण पात्रको रूपमा भने जङ्गलको झाडीमा लुकेको स्याललाई लिन सकिन्छ ।

**४.२.१०. <u>लोभले विलाप</u> कथामा चरित्रचित्रण :-**

यस कथाम मुख्य पात्रका रूपमा बूढाबूढी दुवै रहेका छन् किनकि दुवैको आदिदेखि अन्त्यसम्म उत्तिकै भूमिका देखापरेको छ । सहायक पात्रमा चाहिँ कोही देखिँदैन भने गौण पात्रका रूपमा गाउँलेहरू र मलामीलाई लिन सकिन्छ । यिनीहरूले नै कथावस्तुलाई रोमाञ्चित पारामा अगाडि बढाएका छन् ।

**४.३.४. <u>पाप कति लाग्छ</u> ? कथाको परिवेश :-**

यस कथाको परिवेशलाई हेर्दा धार्मिकतातिर राख्न सकिन्छ । सीधा मनले व्यवहार गरेमा धर्मको लागि केही गर्नैपर्दैन, सबैको आत्मालाई एकै सोच्ने हो भने त्यही नै ठूलो धर्म हो भन्ने कुरा र सेवा गर्नु नै धर्म हो भन्ने भाव समाजमा देखाउन यस कथाको माध्यमबाट सकिन्छ । कथाको माध्यमबाट पनि समाजमा धर्म र अर्थको ज्ञान दिन सकिन्छ । किसानले सबै बेलघारी फाँड्नु यसको दर्बिलो पक्ष हो ।

**४.३.७. <u>मनचिन्ते फल</u> लोककथाको परिवेश :-**

यसमा पनि सामाजिक परिस्थिति पाइन्छ । गाउँका सीधासोझा व्यक्तिहरू जो मानसिक र शारीरिक अपाङ्ग छन् तिनीहरूमाथि लठब्रोलाई घटेजस्तो घटना घट्न सक्छ भन्ने कुरा यस कथामा पाइन्छ । त्यसैले यो पनि सामाजिक कथा नै हो । लठेब्रोले फर्सीलाई मनचिन्ते फल सोच्नु यसको बलियो पक्ष हो ।

**४.३.१०. <u>लोभले विलाप</u> कथाको परिवेश :-**

यस कथामा आदिदेखि अन्त्यसम्म नै सामाजिक वातावरण पाइन्छ तर घटित घटनाहरूमा भने सामाजिकता पाइँदैन । गाउँलेहरू जम्मा भएर बूढाबूढीलाई बाँधी घाटमा लैजानु र पोल्नसम्म तयार हुनु यसको बलियो प्रमाण हो ।

### ४.३.११. उपसंहार :-

यस प्रकारले सङ्कलित दसवटा कथामध्ये आठ वटामा सामाजिक परिस्थिति पाइन्छ । त्यसैले ठोकुवा गरी भन्न सकिन्छ कि; पाँचथर जिल्लामा प्रचलित लोककथाहरूमा पनि अन्य लोक कथाहरूमा झैँ मनोरञ्जनात्मकताको उद्देश्यले अलौकिक वातावरण र लोकतत्त्वका कारण सामाजिक वातावरणको प्रबलता अधिकाधिक रूपमा प्राप्त गर्न सकिन्छ ।

### ४.४.४. पाप कति लाग्छ ? कथाको उद्देश्य :-

यस कथाअनुसार अनजानमा गरिएको भूलका क्षमा हुन सक्दछ तर स्वार्थीभाव राख्नुहुँदैन । दान, धर्म र सेवा गर्नुपर्छ; स्वार्थी भावले कसैलाई ठग्नुहुदैन भन्ने उद्देश्यलाई किसान, अजिङ्गर, तपस्वी र चौतारो बनाउने पात्रहरूद्वारा परोपकारी, समाजसेवी, दयावान् बन्ने सन्देशमूलक शिक्षा प्रदान गर्दछ ।

### ४.४.७. मनचिन्ते फल कथाको उद्देश्य :-

असहाय र अपाङ्ग मानिसहरूलाई कथाको पसलेले झैँ गर्नुहुन्न बरु सबलाङ्गहरूले उनीहरूलाई राम्रो सल्लाह र सुझाव दिनु उचित हो भन्ने उद्देश्य यस लोककथाले लिएको छ ।

### ४.४.१०. लोभले विलाप कथाको उद्देश्य :-

सामुन्ने भएको वस्तुलाई आपसी समझदारीमा बाँडीचुँडी उपभोग गर्दा राम्रो हुन्छ; नत्र गुमाउन पनि सकिन्छ भन्दै 'सन्तोषं परमं सुखम्' भन्ने शिक्षा यस कथाले प्रदान गर्दछ साथै मनोरञ्जन पनि ।

यसरी सबै लोककथामा पाइने शिक्षामूलक, उपदेशमूलक तथा मनोरञ्जनात्मक उद्देश्यहरू पाँचथरमा प्रचलित लोककथाहरूमा पनि भेटिन्छन् । लोकमानसलाई ज्ञान, बुद्धि, धर्म, भाग्य, सत्य, लोभ, चरित्र, प्रेम जस्ता सामाजिक तथा सांस्कृतिक विचारहरू प्रस्तुत गर्नु पनि यी कथाहरूको उद्देश्य रहेको छ ।

### ४.५.१. आँखा लोभी मन पापी :-

**४.५.२. आवाज आउने नहुँदा ज्ञान, आफ्नै पत्नीलाई दोषी ठान :-**

**४.५.३. प्रतिबाक्के एक मोहोर :-**

**४.५.४. पाप कति लाग्छ ? :-**

यसमा प्रयुक्त संवाद, भाषागत शब्दहरू सरल, सहज र बोधगम्य छन् । जस्तै :- रैछन्, सोधिआउनू, गारधन, पुरेत्याइँ आदि ।

**४.५.५. पढी मूर्ख :-**

**४.५.६. सापदेउ :-**

**४.५.७. मनचिन्ते फल :-**

यस कथामा फर्सी बेच्ने, आबुइ, फुत्त भागो लगायतका सरल भाषा प्रयुक्त संवादहरू पाइन्छन् ।

**४.५.८. छैटीको भावी :-**

**४.५.९. मित्रता गाँस्ता :-**

**४.५.१०. लोभले विलाप :-**

यस कथामा कुचो बाटेर, दुनापात, तेल ल्याई, घाटमा लगे, आत्था, भूत भए, जुरुक्क उठ्यो लगायतका सरल शब्द प्रयुक्त संवाद पाइन्छन् ।

**४.६.१. आँखा लोभी मन पापी :- कलीको**

**४.६.२. आवाज आउने नहुँदा ज्ञान, आफ्नै पत्नीलाई दोषी ठान :-**

**४.६.३. प्रतिबाक्के एक मोहोर :-**

**४.६.४. पाप कति लाग्छ ? :-**

'एकादेश'बाट सुरु गरी 'सुन्नेलाई ..... तुरुन्त आउला' भनी टुङ्ग्याइएको यस कथामा पनि कथावाचकको मुखबाट निस्किएका शब्दहरू एकोहोरो रूपमा श्रोताका कानबाट प्रवेश गर्ने भएकाले वर्णनात्मक शैलीमा नै कथा भनिएको छ ।

**४.६.५. पढी मूर्ख :-**

**४.६.६. सापदेउ :-**

**४.६.७. मनचिन्ते फल :-**

वर्णनात्मक शैलीमा भनिएको यो कथा 'एकादेश'बाट सुरु भएर 'सुन्नेलाई ..... तुरुन्त आउला' भन्ने वाक्यांशमा टुङ्गिन पुगेको देखिन्छ ।

**४.६.८. छैटीको भावी :-**

**४.६.९. मित्रता गाँस्ता :-**

**४.६.१०. लोभले विलाप :-**

यो कथा 'एकादेश'बाट सुरु भएर 'सुन्नेलाई ..... तुरुन्त आउला' भन्दै अज्ञात भूतकालीन क्रियापद प्रयुक्त यस कथामा पनि वर्णनात्मक शैली प्रयोग भएको छ ।

## पाँचथर जिल्लामा प्रचलित केही लोककथाहरूको सङ्कलन

### कलीको धर्म

परापूर्वकालमा सत्ते र कलीको भेट भएछ रे । आपसमा परिचित भएपछि सत्तेले भविष्यमा हुने कुरा बताउन सक्छु भनेछ र कलिले चैँ म जस्ताको तस्तै अहिल्यै देखाउन सक्छु भनेछ । सत्तेले लौ त्यसो भए देखा त भनेपछि 'लौ हुन्छ' भनी कलि सुनको डल्लो बनेर बीच बाटोमा बसेछ रे । सत्ते चैँ झाडीमा लुकिबसेछ र घटना हेरिबसेछ । त्यही बाटो हुँदै दुवै तिरबाट दु-दुई जना मनुख्येहरू त्यही सुनको डल्लो भए ठाम्मा आइपुगी एकान्तमा सुनको डल्लो देखेर बाँडिलाने विचार गरेछन् । बराबर बाँडिलानलाई दुवै तिरका एकेक जना हत्यार खोज्न गाउँतिर गएछन् । एकेक जना चैँ त्यहीँ कुरिबसेछन् । हत्यार खोज्न गाउँ गएकाले खानेकुरा पनि फेला पारी 'डल्लो रुङ्नेलाई पनि खानेकुरा लग्दिऊँ त्यसमा बिख मिसाइदिऊँ; खाएपछि दुवै मर्छन् र हामी दुवै जनाले मात्र सुन बाँडिलगौँला' भनेर खडेन्त्र रचेछन् । उनरले हत्यार र बिखालु खानेकुरा लेरा'छन् । यता सुनको डल्लो रुङ्नेले चैँ अर्कै खडेन्त्र रचेछन् । के भने- हत्यार लिएर आउनेलाई 'तिमेरु गलेर आयौ; तेसैले बस; हामी सुन काट्छौँ' भनेर हत्यार माग्ने र उनेरू दुवैलाई एकेक गरी काटिमार्ने सल्ला मिलाएछन् । उनेरू आएपछि सल्लाअनुसार 'गलेका छौ; तिमेरू बस; सुन हामी काट्छौँ' भनी हत्यार मागेछन् । यता हत्यार ल्याउनेले चैँ 'तिमेरू भोका'का छौ, खानेकुरा खाओ' भनेछन् । बस्ने चैँले पैले हत्यार ल्याओ काटिसके'छि खाजा खाउँला भनी हत्यार माग्नेबित्तिकै सुनको डल्लो काट्नुको बद्ला हत्यार लेरा'उनेलाई छप्काएछन् । अब कोही छैन; हामेरू मात्रै भयौं; पैले खाजा खाऔं तेसपछि सुन बाँडौंला भनी बिख हालेको खानेकुरा खान थालेछन् । खाना खाएपछि उनेरू दुवै'नि तिहीँ भुतुक्कै भएछन् ।

यसरी कलिले कलियुगमा यस्तो पनि हुनसक्दोरेछ भनी सत्तेलाई तुरुन्तै देखाइदिएछन् । कलिको धर्म पनि यै हो रे । लुकेर हेरिबसेको सत्तेले सप्पै घटना हेरेको थियो । यो घटना देखेपछि सत्ते र कलि आँखा लोभिएपछि मनमा कसरी पाप पस्तोरे'छ, आँखा लोभी मन पापी रे'छ भन्दै केही छिन कुराकानी गरेर आ-आफ्नो बाटो समातेछन् । सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माता यो कथा वैकुण्ठ जाला भन्ने बेलामा तुरुन्तै आउला ।

*कथावाचक :- भूमिप्रसाद रिजाल*

*आङ्सराङ - १, पाँचथर*

**विषयवस्तु :-**

उपदेशमूलक सामाजिक विषयवस्तु भएको यस कथामा सत्य र कलिलाई संयोगले भेट गराई आँखाले लोभ उत्पन्न गरेपछि मनमा कसरी पाप उब्जिन्छ भन्ने कुरालाई खुलस्त पारिएको छ । यो कुरा पुष्टि गर्न मानव पात्र खडा गरिएको छ । कलि स्वयं सुनको डल्लो बनी बस्तछन् । कथा अगाडि बढ्दा सुनलाई आँखाले देखी लोभिएपछि मनमा पाप पसी त्यहाँ घटित घटनाले सबै नष्ट हुन पुग्दछन् । आधुनिक

समाजसँग मेल खाने यस कथाले सम्पत्तिको लोभले खुनको खोलो समेत बग्दछ भन्ने कुरा देखाई आँखाबाट लोभ प्रविष्ट नगराए मनमा पाप पनि पस्न सक्दैन भन्ने उपदेशात्मक कथावस्तु छ ।

कथाको आधार, विकास र अन्त्य सङ्गठित छ । यस लोककथामा द्वन्द्वलाई पनि प्रस्तुत गरिएको छ । मानवेतर र काल्पनिक पात्रको प्रयोगबाट कथामा रोचकता थप्ने प्रयास गरिएको छ ।

**चरित्रचित्रण :-**

यस कथामा मुख्य पात्रका रूपमा सत्य र कलि दुवैलाई लिन सकिन्छ । आफ्नो क्षमता देखाउन कलि सुन भई दुई जना मान्छे मार्फत काम फत्ते गर्न लगाइएको छ । यसरी हेर्दा ती दुई मानिसहरूबाट कथावस्तु अगाडि बढेकोले ती सहायक पात्र हुन् । गाउँलेलाई गौण पात्रको रूपमा लिन सकिन्छ ।

**परिवेश :-**

यस कथामा पाइने वातावरणमा सामाजिकता देखिँदैन । कलियुगमा मानिसहरू स्वार्थवश मानवीय भावनालाई लत्याएर यति धेरै तलभर्न सक्छन् कि सम्पत्तिको लागि आफ्ना इष्टमित्र कसैलाई पनि छाड्दैनन् । मानिस जति सबै काटाकाट गरी मर्नु र विषयुक्त खानेकुरा खानु यसको प्रमाण हो ।

**संवादः-**

यस कथामा पनि संवाद र भाषा ज्यादै सरल र स्पष्ट छ । यस्तो घटना समाजमा घट्न पनि सक्छ भनी देखाउन खोजिएको छ । सुनको डल्लो, सडेन्त्र, हतियार जस्ता शब्द प्रयुक्त संवादहरू भेट्न सकिन्छ ।

**शैलीः-**

'परापूर्व कालमा'बाट सुरु भई 'सुन्नेलाई ..... तुरुन्त आउला' भनी टुङ्ग्याइएको यस कथामा अरू लोककथामा झैँ कथावाचक एक्लैले भन्ने र अरूले सुन्ने गरेकाले वर्णनात्मक शैली प्रस्तुत छ ।

**उद्देश्य :-**

यसमा मानिसमा कतिसम्म विश्वासघातीपना हुन्छ भन्ने कुरा दर्साइएको छ । सम्पत्तिलाई नै श्रेष्ठ ठान्ने प्रवृत्तिले गर्दा ज्यान लिन पनि पछि नपर्ने मान्छे स्वार्थी हुने भएकोले विश्वास कसैलाई पनि गर्न नसकिने कुरा यसमा देखाइएको छ । यो प्रवृत्ति त्याग्न लोकजीवनलाई सचेत गर्दै यसले मनोरञ्जनात्मक उपदेश प्रदान गर्ने उद्देश्य राखेको छ ।

**ज्योतिषि**

कुनै गाउँमा जोतिषीका लोग्नेस्वास्नी बस्थे रे । जोतिषी खुङ्खार जान्ने थिए रे । उनकी पत्नी गर्भिणी भैछिन् । महिना पुगेपछि बेथाले च्यापेछ र बूढाले चैँ बच्चा जन्मनासाथ यो थाल बजाउनू भनी सिका'र आवाज सुन्नलाई बाहिर बसेछन् । जब बच्चा

जन्म्यो; बूढीले पनि तेसै गरिछन् र आवाज आएपछि जोतिषीले धुलौटो कोरेछन् । गनी हेर्दा जन्मिएको छोरो त जारपुत्र पो देखिएछ । तेस्ती पत्नी र पुत्रको मुख कसरी हेर्ने भन्दै घरबाट निस्केछन् । उनी आर्कै ठाममा गएर जोतिष हेर्दै दिन बिताउन थालेछन् । यता छोरो पनि ठूलो भएपछि पढेर विद्वान् जोतिषी बनेछ । आफ्ना बाबुको बारेमा आमासँग सोध्दा आमाले सप्पै कुरा सुनाइछन् । तँ जन्मेपछि हाम्रो मुख नहेर्ने भनी हिँडेका आ'का छैनन् भनेर आमाले भनिछन् । छोरो पनि ठूलो विद्वान् भाको थियो । कसरी जारजोग देखियो भनेर धुलौटो कोर्न थालेछ । उसले बाबुको गल्ती पनि था-पाएछ । अनि तेसपछि बाबु खोज्न हिँडेछ । जाँदा-जाँदा मान्छेहेरले पोखरी खन्दै गरेको ठाममा पुगेछ । तेसपछि तिनेरलाई 'के खनेको ?' भनी उसले सोधेछ । एई सहराँ बूढा जोतिषी रहेको पनि उनेरूबाट था-पाएछ । खन्ने मान्छेहेरले 'हाम्रा बूढा जोतिषीले भविष्यवाणी गरेका छन् । आज १५ घडीमा याँ सुनको माछो खस्छ रे ! तेसैले एतिसारो भुईंमा बजारिएर नमरोस् भनी पोखरी खनेको' भनेछन् । पानीमा खसेपछि उसले धेरै सुनका माछाहरू जन्माउँछ र देशलाई फाइदा हुन्छ भनी राजाले पोखरी खन्न लाएको कुरा छोरो जोतिषीले था-पाएछ । उसले पनि तेतिबेरै धुलौटो कोरी गनेर बूढा जोतिषीले भनेकै घडीमा आकाशबाट सुनको माछो खस्ने जोग त छ तर यो पोखरी खनेठाममा हैन उ-पर खस्छ भनी आर्कै ठाम देखाएछ र ऊ चै तेई ठाममा गएर बसेछ । नभन्दै तेती नै घडीमा माछो त खसो तर बूढाले देखाको ठाममा नभर छोराले देखाको ठाममा खसेर बजारिएछ र मरेछ । सबैले कसरी एस्तो भो भनी सोध्दा तिम्रा ज्योतिषी हाम्रा बाजस्तै 'आवाज आउने नहुँदा ज्ञान आफ्नो पत्नीलाई दोषी ठान' रहेछन् भनी बताएछ । हावाको गति, आवाजको गति र उजेलाको गति अलग्गै हुन्छ भनी उसले बताइदिएछ ।

सबै कुरा बूढा जोतिषी पनि सुनिराका थिए । तेसपछि 'पैले आफैँ गल्ती गरेँछु, आज तेही छोराले चेत खोलिदियो' भनेर मेरै छोरो पो र'छ जारपुत्र होइन र'छ, मैले गन्न गल्ती गरेछु भनी छोरासङ्गै घर आएर सुखपूर्वक बस्ता भएछन् रे । सुन्नेलाई ................................ तुरुन्तै आई हाल्ला ।

*कथावाचक :- पुण्यप्रसाद गर्तौला*
*अङ्सराङ, छ्यागू, पाँचथर*

**विषयवस्तु :-**

संयोगान्तमा टुङ्गिएको यस कथामा ज्योतिषीका बूढाबूढी हुन्छन् । गर्भवती बूढीलाई बच्चा जन्मने बेलामा ज्योतिषी बूढाले जन्मने बित्तिकै थाल बजाउनू भनी अह्राउँछन् । बूढीले पनि त्यसै गर्छिन् । आवाज कानले सुनेपछि गणना गरी ज्योतिषीय दृष्टिकोणले हेर्दा बच्चो जारपुत्र देखिन्छ । त्यस्ती बूढी र छोराको मुख कसरी हेर्नू भनी बूढा घरबाट निस्कन्छन् । यता बूढाको छोरो पनि ज्योतिषशास्त्रकै ज्ञाता हुन्छ । एक दिन आमाले यथार्थ सबै कुरा बताएपछि बुबाले गरेको गल्ती (बूढा ज्योतिषीले आवाज उत्पत्ति भएको स्थानदेखि श्रवणेन्द्रियसम्म आइपुग्न लाग्ने समयको ख्यालै नगरी सुनेको समयलाई नै आधार मानी गणना गरेका रहेछन् ।) थाहा पाई उनको खोजी गर्न छोरो निस्कन्छ । जाँदाजाँदै एक ठाउँमा

धेरै जनाले पोखरी खन्दै गरेको देख्तछ । उसले सोधीखोजी गर्दा 'यहाँ सुनको माछो खस्ने योग छ रे, हाम्रा बूढा ज्योतिषीले भनेको' भनी पोखरी खन्नेहरू बताउँदछन् । छोरो ज्योतिषीले पनि गणना गरेर भन्छ- 'खस्न त सुनकै माछो खस्छ तर यहाँ होइन, उपर त्यहाँ खस्छ' भनी ठोकुवा गरिदिन्छ । नभन्दै बूढाले भनेका ठाउँमा नभएर उसले भनेका ठाउँमा माछो खस्छ र तत्काल मर्छ । यस्तो कसरी भयो ? भनी त्यहाँ भएकाहरूले प्रश्न गर्दा ऊ भन्छ- 'तिमेरूका बूढा जोतिषी पनि हाम्र बाजस्तै हावाको गति, आवाजको गति र प्रकाशका गति थाहा नपाई गल्ती गर्दारहेछन् । यो माछो हावाको गतिले गर्दा त्यहाँ नभएर यहाँ खसेको' भनेर स्पष्ट पार्दछ ।

बूढा ज्योतिषीले पनि बल्ल आफ्नो त्रुटि थाहा पाउँछन् अनि छोरो समेत जारपुत्र नभएर आफ्नै पुत्र भएको उनलाई ज्ञान हुन्छ । यसरी बाबुछोराको मिलनले दुवैलाई खुसी तुल्याउँछ र दुवै घरतिर लाग्दछन् । सामाजिक क्षेत्रमा सामान्य गल्ती हुन गएमा के-कति दु:ख पाइँदोरहेछ भन्ने सामग्री यसमा प्रस्तुत गरिएको छ ।

**चरित्रचित्रण :-**

यस कथाको मुख्य पात्रको रूपमा छोरो देखा पर्दछ र सहायक पात्रका रूपमा बाबुलाई लिन सकिन्छ । दुवै जना सुरुदेखि अन्त्यसम्म देखिए तापनि बाबुको भन्दा छोराको भूमिका महत्त्वपूर्ण देखा परेको छ । कथावस्तुलाई गतिशील पार्न छिमेकी, गाउँलेहरू, ज्योतिषीकी बूढीको पनि कम महत्त्व छैन तसर्थ यिनीहरूलाई गौणपात्रका रूपमा लिन सकिन्छ । यस कथाले एउटाको सानो त्रुटिले पनि धेरैले दु:खदायी परिणाम भोग्नुपर्ने सत्यता दर्शाएर प्रमादवश ध्वनि गतिको ख्याल ज्योतिषी बूढाले नगर्दा परिवारले खेपेको सास्ती बताइएको छ ।

**परिवेश :-**

यस कथामा पाइने परिवेश समाजिक छ । प्रमादको कारणले समाजमा यस्ता घटनाहरू घट्न सक्ने सम्भावनाहरू हुन्छन् । कथाको उठानदेखि लिएर बैठानसम्म सामाजिक परिवेश पाइन्छ । बाबु छोरा दुवै ज्योतिषी बन्नु र आवाज मात्र ख्याल गर्नु तर त्यो आवाज कति समय लगाई सुन्नेका कानसम्म आइपुग्यो भनी विचार नगर्नु यसको बलियो पक्ष हो ।

**संवाद:-**

यसमा प्रयुक्त संवादहरू सरल र सहज छन् । धुलौटो कोर्नु, खुड्खार जान्ने हुनु, सही सहराँ जस्ता ग्रामीण बोलीका शब्द यसमा पाइन्छन् ।

**शैलीः-**

यो कथा 'कुनै एक गाउँ'बाट सुरु गरी 'सुन्नेलाई ..... तुरुन्त आउला' भनी टुङ्ग्याइएको छ । यसमा पनि कथावाचक एक्लैले भन्ने र अरूले सुन्ने गरेकाले वर्णनात्मक शैली प्रस्तुत छ ।

**उद्देश्य :-**

आवाज उत्पत्ति स्थानबाट श्रोताको कर्णविवरसम्म कसरी आइपुग्छ भन्ने सामान्य नियमलाई ख्याल नगरी निर्णय लिँदा खेप्नुपरेको दुःख बाबु ज्योतिषीको भूमिकाबाट देखाइएको छ । ज्योतिषका क्षेत्रमा काम गर्नेलाई चनाखो बनाउँदै मनोरञ्जनात्मक ढङ्गले उक्त शिक्षा दिनु यसको मूल उद्देश्य रहेको छ ।

**बोलीको दाम**

एकादेशमा एउटाका बूढाबूढी बस्थे रे । दसैँको बेला आएछ । खसी किन्न भनी तीन मोहोर पैसा लिएर बूढो शहर तिर लागेछ । सहर धेरै टाढा थियो । बाटामा जाँदै गर्दा एउटा जोगीसँग बूढाको भेट भएछ । बोल्ने साथी भयो भनी बूढो ढुक्क भएछ । तर धेरै बेर सँगै हिँड्दा पनि जोगी नबोले'छि बूढालाई खस-खस लागेछ र बोल्न थालेछन् । जोगीले 'म त एक मोहोर लिएर मात्र एक बाक्ये बोल्छु' भनेछ । बूढाले सोचेछ- ठिकै छ एक मोहोरले एक बाक्ये बोल्न लाउनुपरो र दुई मोहोरले खसी किनेर ल्याउनुपरो भनी एक मोहोर दिएछ । तेसपछि जोगीले एक मोहोरको बाक्ये बोलेछ– 'मौकामा कोरीको पनि पाउ पर्नू ।' एती भनेर जोगी चुपचाप लागेछ । बूढालाई अर्को बाक्ये पनि सुन्ने इच्छा भएछ र फेरि अर्को मोहोर पनि जोगीका हातमा राखिदिएछ । फेरि जोगीले 'आइमाई जातिलाई कहिल्यै विश्वास नगर्नू' भनी चुपचाप लागेछ । बूढालाई फेरि सकसक लागेछ र अब एक मोहोरले खसी आउँदैन तेसैले अर्को एउटा बाक्ये पनि सुनिहालौँ न त भन्ने लागेछ । उसले त्यो मोहोर पनि जोगीको हातमा राखिदिएछ । तेसपछि जोगीले 'राजालाई कहिल्यै नढाँट्नू' भन्ने बाक्ये बोली आफ्नो बाटो लागेछ । एता बूढो पनि खसीको सट्टा तीनोटा प्रतिबाक्के मोहोर परेका तीन बाक्ये लिई घर फर्कन लागेछ । तेसपछि घर फिर्दै गर्दा धेरै मान्छेहेरू एउटा घरमा जम्मा भई अब के गर्ने ? कसो गर्ने ? भनेर अलमल्ल परेको देखेछ । कुरो बुभ्दा धनी मान्छे मरेको रहेछ अनि उसको सम्पत्ति खाने र सद्गति गर्ने कोही नभएको कुरा था-पाएछ । जोगीको पैलो बाक्ये सम्भी मलाई याँ कसैले चिन्दैनन् तेसैले बरु यसको सद्गति र किरिया गर्दिन्छु र सम्पत्ति लिन्छु भन्ने विचार गरेछ । अनि उसले सबैथोक गरी आफूले बोक्न सक्ने धनसम्पत्तिको कुम्लो लिई घरतिर लागेछ । घरमा पुगेपछि छिमेकीको पाथी मागेर सम्पत्ति भरेछ । छिमेकिनीले पिँधमा मैन दलेर पाथी दिएकी रछे । पछि तेसमा पैसा टाँसिएर गएछ र उसले पैसा भरेको थाहा पाइछे । अनि तेसपछि उसकी स्वास्नीलाई 'तेत्रो पैसा काँबाट ल्याए तिम्रो बूढाले ? सोध न !' भनिछ । स्वास्नीचैँले पैसा काँबाट ल्यायौ भनी सोध्दा जोगीले भनेको दोस्रो बाक्ये सम्भी आइमाईले जिद्दी गर्छन् र गोप्य कुरा खोल्छन् भनी तात्ताता रोटी चपाउँदै भन्छु भनेछ । 'रोटी पकाउँदा भ्यालमा बसी सुन्नू है त !' भनी बूढीले छिमेकिनीलाई खबर पठाइछ । बूढाले रोटी खाँदा भनेछ– 'मलाई बाटामा जाँदैगर्दा धेरै तिर्खा लागो र सिउँडीको बोटबाट दूध निकाली पिएँ अनि एकछिन पनि पेट कटक्क काट्यो दिसा बस्न जाँदा यी पैसै पैसाको दिसा भयो र त्यही बोकी ल्याएको' भनी सुनाएछ । यस्तो

सुनेपछि छिमेकिनीले पनि आफ्ना बूढालाई त्यसै गर्न लगाइछ । सिउँडीको चोप खाँदा उसको बूढो खुत्रुक्कै मरेछ ।

लोग्ने मरेपछि छिमेकिनीले राजाकहाँ गएर 'फलानाले गर्दा आफ्नो लोग्ने मरेको' भनी ज्यानमुद्दा हालिछ । वादी-प्रतिवादी झिकार सबैलाई भेला गराई राजाले किन त्यसो भनेको भनी सोधेछन् । तेसपछि बूढाले राजालाई कहिल्यै नढाँट्नू भन्ने जोगीको तेस्रो बाक्ये सम्झ्यो । सप्पै सत्ते बताइदियो । सप्पै कहिरन सुनेपछि सिउँडीको बिख खान ढिपी गर्ने छिमकीकी स्वास्नी नै दोषी भई र बूढो निर्दोष ठहरियो । तेस दिनदेखि बूढाबूढी अरू कसैको चासो नराखी आनन्दले रहँदा भएछन् । सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा बैकुण्ठ जाला भन्ने बेलामा तुरुन्त आउला ।

*कथावाचक :- भगिरथ अधिकारी*

*आङ्सराङ - ६, डोबाटे, पाँचथर*

**विषयवस्तु :-**

सामाजिक विषयवस्तु भएको यस कथामा एउटा परिवारमा बूढाबूढी हुन्छन् । बूढो दसैँको लागि खसी किन्न भनेर स्वास्नीसँग तीन मोहर पैसा मागेर बजारतिर जान्छ । बाटामा प्रत्येक वाक्यको एक मोहर लिनेवाला जोगीसँग उसको भेट हुन्छ । तीनवटा मोहरका तीन वाक्य जोगीका मुखबाट सुनी बूढो घर फर्कन लाग्दछ । बाटामा धनी तर अन्त्येष्टि, काजक्रिया र सद्गति गरिदिने कोही नभएको व्यक्तिको मृत्यु भएको थाहा पाउँछ । आफूलाई त्यस ठाउँमा कसैले पनि नचिन्ने भएकाले जोगीको पहिलो वाक्य अनुसार अन्त्येष्टि गरिदिएर बोक्न सक्नेजति सम्पत्ति लिई फर्कन्छ । सम्पत्ति कति रहेछ भनेर छिमेकीको पाथी मगाई भर्दछ । छिमेकिनीले पाथीको पिँधमा मैन टाँसिदिएकी हुनाले पैसा भरेको थाहा पाउँछे अनि बूढाकी बूढीलाई तिम्रा लोग्नेले कहाँबाट ल्याएका हुन् भनी सोध्न भन्छे । बूढाले पनि जोगीको दोस्रो वाक्य अनुसार कुरा छल्दै सिउँडीको चोप खाएर दिसा गर्दा त्यस्तो भएको भनी झुटो बताइदिन्छ । छिमेकिनीले पनि आफ्नो लोग्नेलाई पनि त्यसै गर्न लगाउँदा उसको मृत्यु हुन पुग्दछ । त्यसपछि छिमेकिनीले राजाकोमा आफ्नो लोग्नेको ज्यान मारेको भनी बूढाको विरूद्धमा उजुर हाल्छे । राजाले बूढालाई बोलाउँछ र केरकार गर्दछ । बूढाले पनि जोगीको तेस्रो वाक्य अनुसार सबै कुरा नढाँटी राजालाई बताइदिन्छ । यसरी सबै कहिरन सुनेपछि राजाले सम्पत्तिको लोभले आफ्नो लोग्नेलाई सिउँडीको चोप खान लगाउने त्यही स्वास्नीमान्छे नै दोषी भएको कुरा फैसला गरी दण्ड समेत सुनाउँछन् । यसरी बूढाको जीत हुन्छ अनि बूढाबूढी खुसी भएर बस्तछन् । सामाजिक विषयवस्तु छ ।

**चरित्रचित्रण :-**

यस कथाको मुख्यपात्रको रूपमा बूढालाई लिनुपर्दछ किनकि प्रारम्भदेखि अन्त्यसम्म बूढाको भूमिका सक्रिय रहेको छ । कथामा बूढीको भूमिका पनि सुरुदेखि अन्त्यसम्म नै

आएर कथावस्तुलाई गतिशील तुल्याएको छ। सहायक पात्रको रूपमा जोगी, छिमेकीकी बूढी जस्ता पात्रहरू छन्। यिनै पात्रहरू मार्फत कथावस्तु अघि बढेको देखिन्छ भने एक हूल मानिस, धनीको लाश, पञ्च, राजा, छिमेकी सबै गौण पात्रका रूपमा देखिन्छन्। यिनीहरूले कथालाई अग्रगामी हुन मद्दत गरेको देखिन्छ।

**परिवेश :-**

यस कथामा पनि सामाजिक परिवेश नै अत्यधिक पाइन्छ । महिला जातिलाई विश्वास नगर्नु भन्ने लोकोक्ति आज समाजमा व्यापकरूपमा रहेको छ। यसलाई प्रमाणित गर्न यो कथाले त झनै ठूलो मद्दत पुऱ्याएको छ । श्रीमतीले लोग्नेले भनेको पत्याएर छिमेककी स्वास्नीलाई खबर गर्नु यसको बलियो पक्ष हो।

**संवादः-**

यसमा पनि धेरै सरल र स्पष्ट खालका संवाद तथा शब्द प्रयोग भएको देख्न सकिन्छ । खसखस लागेछ, सद्गति गर्ने, कुम्लो, सिउँडीको चोप जस्ता शब्दहरू प्रयोग भएका छन्।

**शैलीः-**

यो कथा 'एकादेश'बाट सुरु भएर 'सुन्नेलाई ..... तुरुन्त आउला' भन्दै अज्ञात भूतकालीन क्रियापद प्रयुक्त यस कथामा पनि वर्णनात्मक शैली प्रयोग भएको छ।

**ेउद्देश्य_:-**

लोकजीवनमा रुद्रघण्टी नहुनेलाई गोप्यता नखोल्ने, श्रेष्ठ मानिसलाई नढाँट्ने, कसैसँग झुटो नबोल्ने र कसैको पनि धेरै चासो राख्न नहुने खालका उपदेशमूलक सन्देश दिनु यस कथाको उद्देश्य रहेको छ।

**विद्याको परिक्षण**

एकादेशमा एकजना बूढाका तीन भाइ छोरा थिएछ। तीनै भाइ लाठ्ठे भएछ। आनि तीनै भाइले पढ्नु जान्छुङ् भुनेछा । तीनै जना एकै चोटि पढ्नुभनी निस्केछा । चौबाटोमा पुगेर कुरा गार्नु लागेछा- 'हामी आलाग-आलाग विषे पाढ्नुपर्छा।' एस्तो साल्ला गरिहिँडेछा। चेठाले कार्मोकाण्डा विद्दे पढ्छुङ् फन्यो रे, माइलाले मार्ने-जागाउने फूत-प्रेत मुन्साउने विद्दे पढ्छुङ् भन्यो रे र कान्छाले चैँ चातुर्विद्दे पढ्नुलाई विचार गारेछ । तेसपछि तीनै जना दाजुभाइ मुन पराएको विषेमा एकधुम जान्ने भयुङ् फुन्ने ठानी फेरि तेही चौबाटामा भेला भएछान् आरे । तीनै भाइ आफू-आफूको विषेमा उधूम जान्ने भुएका थिएछा । घारतिर जाङ्गलको बाटो जाँदै गर्दा एउटा हाड भेटाएछ र मार्ने-बाचाउने विद्देमा साह्रै चान्ने माइलालाई केको पो हाड्डी होला भुनेर जिज्ञासा भएछा । उनेरूको विषेको विद्दे जाँचेको पुनि थिएनाछा र जेठोले माइलालाई फन्यो; ए माइला ! तुँ एसलाई बाचाउनु साक्छस् ? भुनी सोधेछा । माइलाले साक्छु भुनी आछेतामा मुन्तर जागाउनु थालेछा । हाड्डीतिर

मुन्तरेको आछेता फ्याँक्नु लागेको माइलाको हात चतुर्विद्दे पाढेको कान्छाले च्याप्पै सामातेर 'ए ताजु खाइ आलिकाती आछेता !' भुनी आलिकाती मन्तरेका आछेता मागेछा आनि 'मु रुखमा चाढ्छुङ् आनि मात्रै हान्नू हाइ !' भुनी फुत्तै रुखमा चाढेछा । तर, पढेको मात्र परेको चैँ होइना; पढीमूर्खा जेठो र माइलो चैँ हाड्डीआगाडि नै मख्खपरी उभिएरा बसेछ । माइलाले तिनै मुन्तरेका आछेता हाड्डीतिर फ्याँकेछा, आनि ता फयाङ्कर डारलाग्दो बाग पो फएछ । आनि ङुरङुर गर्दै झाम्टिँदै उठेछा र दुवै भाइलाई मारिखाएछ आनि हाड्डी मात्र छोडेर बाग हिँडेछा । एता चातुरे कान्छो भाइ चैँ आम्मुइँ भुन्दै फुत्ता रुखबाट छारेछा आनि ताजुहरका हाड्डीखुड्डीहारू बाटुलेछा । आनि पैले माइलाले मुन्तरेका आछेताले तेही हाड्डीहारमा हिर्काएछा । चामल छारेपाछि दुवै भाइ निन्द्राबड ब्युँझेजसै उठेछा । कान्छा भाइले उनेरलाई साप्पै घाटना बाताएछ । उनेरू दुई भाइलाई आफू पाढेर पुनि मूर्खा फएको ज्ञान पासेछा । आइन्दा फेरि पुनि थेरै सोचेर, विचार गारेर मात्रै काम गार्ने बाचा गरेछा र तीनै फाइ घारतिर फार्केछा । फुन्नेलाई फूलको माला ......... खुरुक्क आउला ।

*कथावाचक : माबोहाङ्ग लिम्बू*
*रानीगाँउ-६ पाँचथर*

**विषयवस्तु :-**

संयोगान्त भएको यस कथामा एउटा परिवारमा तीनजना छोरा र बाबु हुन्छन् । सन्ततिले पढ्नुपर्छ भन्ने सामाजिक मान्यतालाई स्वीकार्दै तीनैजना छोराहरू एकै साइतमा घरबाट पढ्नलाई भनी निस्कन्छन् । सबैले एउटै विषयमा ज्ञान हासिल गर्दा त्यति औचित्य नहुने देखेर भिन्न-भिन्न विषयको अध्ययन गर्ने निधो गर्दछन् । जेठो चाहिँले समाजलाई आवश्यक कर्मकाण्डीय विधा पढ्ने निधो गर्दछ भने माहिलाले तन्त्रमन्त्रसहित मार्ने-बचाउने क्षमता राख्ने तन्त्रविद्यालाई रोज्न पुग्दछ । कान्छो चाहिँ समाजमा सही तरिकाले जीवनयापन गर्नको लागि चौध-चतुऱ्याइँले युक्त चतुर-विद्या पढ्ने निधो गरी जान्छन् । विद्यामा पारङ्गत भएपछि सबै फर्किएर आउँदा आफ्नो विद्याको सफलता पारख गर्ने ध्येय लिन्छन् र हड्डीको टुक्रामा मन्त्रणा गरिएका अक्षता फाल्छन् । यसको प्रभावले हड्डीबाट बाघ बनी बचाउनेलाई मार्दछ । चतुर विद्या पढेको कान्छो भाइले पुनः आफ्नो चतुऱ्याइँ प्रयोग गरी दाइहरूलाई बचाउँछ । यहाँ पढ्न चाहिँ पढेका तर हड्डीबाट बाघ बनिसकेपछिको परिणाम थाहा नै नपाई प्रयोग गरी आफैँलाई हानि पुऱ्याउने पढी मूर्ख दाइहरूलाई व्यवहारिक रूपमा ज्ञानी कान्छो भाइले पुनर्जीवन दिन सकेको कुरालाई पढेर मात्र हुँदैन; परेर पनि जान्नुपर्छ भन्ने ज्ञान यो कथाले प्रदान गरेको छ ।

सबैले सबै विषयसँग सम्बन्धित विषयवस्तु भएको यो कथा सामाजिक एवं अतिरञ्जनापूर्ण कथा हो । यसले सामाजलाई पढेर पनि सदुपयोग राम्रो भएन भने हानि मात्र पुग्दछ भन्ने ज्ञानको उक्त 'पढी मूर्ख' नामक कथाले सन्देश दिने कार्य गरेको छ ।

**चरित्रचित्रण :-**

यस कथामा मुख्य पात्रको रूपमा कान्छो भाइ देखा पर्दछ । यदि कान्छाले बुद्धि नपुऱ्याएको भए पढेर पनि सही तरिकाको व्यावहारिक ज्ञान नभएका पढी मूर्ख दाइको ज्यान गई कथा त्यहीं समाप्त हुन्थ्यो तर कान्छो भाइको व्यवहारिक ज्ञानले गर्दा पढेका तर मूर्ख दाइहरूको ज्यान बची आफ्नो विद्यालाई सदुपयोग समेत गर्न पाएका छन् । सहायक पात्रका रूपमा उसका अन्य दुई दाइहरूलाई लिन सकिन्छ भने गौण पात्रका रूपमा पढ्न गएको स्थानका गुरुहरू र घरपरिवारका सदस्यलाई लिन सकिन्छ । यी पात्रले आफू देखा नपरीकन पनि कथालाई गतिशील बनाएका छन् भने काल्पनिक बाघ र हड्डीले सहायक पात्रको भूमिका निभाएका छन् ।

**परिवेश :-**

यस कथामा सामाजिक परिवेश पाइन्छ । सामाजिक व्यक्तिले आफ्नो सन्ततिलाई समुचित र समयानुकूल शिक्षा-दीक्षा दिलाउनुपर्दछ । यस कथामा पनि तीनै जना दाजु-भाइ शिक्षा अर्जन गर्न भनी गएको देखिन्छ भने त्यस अवस्थाको शिक्षास्थल दुर्लभ रहेको सामाजिक परिवेश थाहा पाउन सकिन्छ । यसैले यस कथालाई सामाजिक मान्न सकिन्छ । कथाको अन्त्यतिर एउटा हड्डीबाट तन्त्रद्वारा बाघ बनाएको घटना भने असामाजिक जस्तो देखिए पनि समग्रमा कथावाचकले असामाजिक भन्दा धेरै पक्षहरू सामाजिक भएको देखाएका छन् ।

**संवादः-**

यस कथाका शब्दहरू सबै ग्रामीण पाराका सरल र स्पष्ट छन् । जस्तै :- तन्तर-मन्तर, विद्दे आदि । यहाँ स्पष्टरूपमा स्थानीय भाषिका पाउन सकिन्छ । साल्ला गरिहिँडेछा, ग्येन पसेछा, भुतुक्कै भएछा आदि यसका उदाहरण हुन् ।

**शैलीः-**

यो कथा 'एकादेश'बाट सुरु भएर 'सुन्नेलाई ..... तुरुन्त आउला' भन्दै अज्ञात भूतकालीन क्रियापद प्रयुक्त यस कथामा पनि वर्णनात्मक शैली प्रयोग भएको छ ।

**उद्देश्य :-**

यस कथामा समाजको नियमानुसार सन्ततिले शिक्षा आर्जन गर्नुपरेकाले तीनवटै छोराहरू एकै साइतमा विद्या आर्जन गर्नका लागि निस्कन्छन् । एउटै विषय नभएर सबैले भिन्नाभिन्नै खालका विद्या पढ्ने निर्णय गर्नाले उनीहरू मार्फत कथावाचकको श्रोतावर्गमा सबैले सबै प्रकारको ज्ञानार्जन गर्नुपर्छ भन्ने उद्देश्य हो । सामाजिक नियमानुसार चल्दै आफूले आर्जन गरेको ज्ञान सही ढङ्गले सदुपयोग गर्न जाने मात्र फाइदा लिन सकिन्छ । नत्र पढी मूर्ख बनी आफ्नै खुट्टामा बन्चरो पर्न बेर लाग्दैन । दाजु-भाइमा मेल-मिलाप भई एक-आपसमा सहकार्य भएमा सङ्कटलाई टार्न सकिन्छ भन्ने उद्देश्य बोकेको यस कथाले शिक्षासहित मनोरञ्जन पनि प्रदान गरेको छ ।

एकादेशको एउटा गरिब परिवारमा आमा-छोरा मात्र थिए रे । गरिबीको कारणले छोराचाहिँ गाउँकै एउटा धनी मान्छेको घरमा भुँइसी चराउने गोठालो भएछ । केटो साहुका भुँइसी चराउन निबू खोला तिर लाग्थ्यो रे । राती सुत्नुचैँ आफ्नै घरतिर जान्थ्यो रे । एसरी उनेरका दिन बित्दै थिए । एक दिन केटो भुँइसी चराउँदै निबू दोभानको दहमा बसेको रैछ । उसलाई कसैले ‘ए मनुस्से ! ए मनुस्से !!’ भनेर बोलाएको सुनेछ र ऊ धेरै डराएछ । आमाले भूतका कुरा गरेको उसले सुनेको थियो । निबूखोला-दोभान मान्छे पोल्ने घाट हो; पक्कै यो आवाज भूतैको हुनुपर्छ भनी ऊ खुब डरायो । तेसपछि फटाफट भुइँसी धपाउँदै साहुका घरतिर हिँडेको थियो । केटो डराएर हिँडेको देखेर फेरि पनि तेसरी नै बोलाएको आवाज आएछ । तो सुनी यसो हेर्दा त तिहीँनेरिको ढुङ्गामुनि ठूलो सर्प पो बोलाउँदोरैछ । सर्पले भनेछ– ‘नडराऊ, यता आऊ, तिमीलाई म क्यै गर्दिनँ ।’ वास्तवमा तो सर्प त नाग वा सापदेउ रैछ । अज्जै डराको देखेर केटालाई चारैतिरबाट सापदेउले छेकेछ । अनि भनेछ- ‘मनुस्से ! नडराउ न; म नाग देउता हुँ क्या । मेरा बाउआमाले कतै दुःख पाको मान्छे भेटिस् भने मीत लाउनू भनेका हुनाले तिमीसँग मीत लाउन पो बोलाको त’ भनी सापदेउले भनेपछि मीत लाई आ-आफ्ना घरतिर गएछन् । केटाले आमा मात्तै दिउँसो सापदेउसँग भाको कुरा सुनाएछ । तेसैगरी भोलिपल्ट पनि मीत सापदेउसँग उसको भेट भएछ । तेसपछि सापदेउले केटालाई आफ्नो घरमा लिएर गएछ । उसले सबै नागसँग चिनजान पनि गराएछ । अनि ता केटाले मीत-बाउ, मीत-आमा, मीतदाइ, मीतबहिनी भनी सबैलाई साइनो पनि लाएछ । सापदेउले मनुस्सेसँङ मीत लाएको था-पार सबै नागहरू खुसी भछन् र सप्पैले केटालाई राम्रो र धनी हुने आशीर्वाद दिएछन् । तेसपछि सापदेउले कसैले नदेख्ने गरी एउटा मणि मीत मनुस्सेलाई दिएछ । अनि केटो भोलिपल्ट चैँ आफ्नै घरतिर गएछ । मणि र आशीर्वाद पाएर गरिब केटो धेरै धनी भएछ । सप्पै गाउँले छक्क परेछन् । अनि शङ्खा लागेपछि केरकार गर्न थालेछन् । तेसपछि केटालाई आपत् परेको मीत सापदेउले था-पाछन् । तेसपछि सापदेउ आफुइँ आर सप्पै गाउँलेलाई सम्झाउँदै भनेछन्– ‘वास्तवमा यिनी मेरा मीज्ज्यू हुन्; यिनलाई मुइले सरसहयोग गरी आर्थिक अवस्था सुध्रिएर धनी बनेका !’ सापदेउले एसो भनेपछि सप्पै खुसी भएछन् र केटाको परशंसा गर्न थालेछन् । सापदेउ त्यहाँबड लोप भएछन् । यो सप्पै केटाको एउटा साथीले थाहा पाएछ अनि धनी बन्ने लोभले तेसरी नै खोलामा गएर आफू गरिब भएको बताएछ तर ऊ गरिब भने थिएन । यसैले सापदेउले नढाँटी बोल्न सम्झाएछन् तर उसले मानेनछ । अनि ता सापदेउलाई रिस उठेछ र डसेर मार्देछन् । उता गरिब केटाको परिवारले चैँ सापदेउको सयोगले आफ्नो उन्नति भाको देखेर खुशी भएछन् र नागपञ्चमीका दिन सप्पै मिलेर सापदेउको पूजा गर्न थालेछन् । अहिले हामी पनि नागपञ्चमीका दिन सर्पको चित्र लेखेर पूजा गर्दै आइराका छौँ । तेही दिनदेखि एस्तो चलन चलेको रे । भन्नेलाई फूलको माला ............ खुरुखुरु आइजाला ।

*कथावाचक : लक्ष्मण विश्वकर्मा*

*आङ्सराङ- ६, डोबाटे, पाँचथर*

**विषयवस्तु :-**

धार्मिक विषयवस्तु बोकेको संयोगान्त यस कथामा एउटा गरिब केटाका आमा-छोरा हुन्छन् । छोरो धनीका घरमा गोठालो हुन्छ । भैंसी चराउने क्रममा छोराको भेट खोलाको किनारमा सर्पसँग हुन्छ । सर्पले आफू नागदेउ भएको बताउँछन् । नागदेउले केटासँग मीत लगाई नागलोकमा लैजान्छन् । त्यसपछि उसका बाबु-आमाको आशीष र मणि दिई पठाउँछन् । उक्त मणि र आशीर्वादले केटो धनी बन्छ र आमाछोरा सुखसँग बस्तछन् । त्यो देखी छिमेकको अर्को केटो पनि त्यस्तै धनी हुने इच्छा राख्दछ । ऊ पनि केटाको जसरी नै सर्पसँग सम्बन्ध राख्न जान्छ । सापदेउले 'तिमी गरिब छैनौ' भन्दा पनि ऊ मान्दैन र अन्त्यमा सर्पले उसलाई डसेर मारिदिन्छ । धनी बनेका आमा छोरालाई छिमेकीले चोर भएको आरोप लगाउँछन् तर नागदेउ आएर सत्यकुरा बताई उनीहरूलाई आरोपबाट मुक्त तुल्याउँछन् । यसरी आफूलाई नागले गुन लगाएकाले कृतज्ञता प्रकट गर्दै वर्षमा एक दिन नागपञ्चमीमा सर्पलाई नागदेवता मानी पूजा गर्ने चलन चलेको हुन्छ ।

**चरित्रचित्रण :-**

यस कथामा मुख्य पात्रको भूमिका गरिब केटाले निर्वाह गरेको छ । कथामा केटाको सुरुदेखि अन्त्यसम्मकै भूमिका मुख्य रहेको छ । केटालाई सहायता गर्ने अर्को मुख्य पात्रको रूपमा सर्पलाई लिइएको छ । सर्पलाई मानवीय व्यवहार गराउनका लागि भूमिका खेलाइएको छ । यसैले त्यसलाई सहायक पात्रमा राख्न सकिन्छ भने गौण पात्रमा चाहिँ साहू, भैंसी, केटाकी आमा सापदेउका आफन्त र छिमेकी केटो पर्दछन् । यसरी मानव तथा मानवेतर प्राणीलाई पात्र बनाई संस्कृति, प्रचलन र परम्पराको औचित्यलाई दर्शाउने कार्य प्रस्तुत कथामा भएको पाइन्छ ।

**परिवेश :-**

यस कथालाई धार्मिक कथाका रूपमा राख्न सकिन्छ भने यसमा सामाजिक विषयको समेत छनक पाइन्छ । स्वच्छ र पवित्र मनले उपासना गरेमा दैवी शक्तिले जे पनि दिन सक्छ भन्ने कुरा कथामा देखाउन खोजिएको छ । आज पनि नागपञ्चमी पर्वका दिन सर्पलाई नागदेउ मानी पूजाआजा गर्ने चलन छ । यसैले यो कथा बढी धार्मिक भएको र समाजमा धर्मले पनि केही गर्छ, सच्चा दिलबाट सम्झना गरे राम्रै हुन्छ भन्ने कुराको सन्देश दिइएको छ । नागदेउले सम्पत्ति दिनु यसको बलशाली पक्ष हो ।

**संवादः-**

यसमा नागदेउ र गरिब केटाको संवाद पनि सरल र बोधगम्य शब्दका साथ भएको देखिन्छ । जस्तै :- भुइँसी, मनुस्से, सप्पै, सापदेउ, तिहीँनेरिको आदि ।

शैलीः-

यो कथा 'एकादेश'बाट सुरु भएर 'सुन्नेलाई ..... तुरुन्त आउला' भन्दै टुङ्गएको यो कथा वाचकको जिब्रो र श्रोताको कान सक्रिय रहने भएकाले वर्णनात्मक शैलीमा भनिएको कथा हो ।

**उद्देश्य :-**

प्रमुख पात्र केटामार्फत इमान्दार भएर काम गरे दैवले पनि साथ दिन्छन् भन्ने खालको सन्देश जनमानसमा दिनु यसको उद्देश्य देखिन्छ । हाम्रा संस्कृतिहरू कसरी विकसित भएका छन् भन्ने कुरा पनि यस कथामा प्रस्ट्याइएको छ ।

र

**लेखान्त**

एकादेशमा एउटा राजा थियो रे । तेस राजाले एउटा भान्से बाहुन केटो पालेको थियो । राजा वनविहार गर्न खुप रुचाउँथ्यो । एक दिन तेही भान्से बाहुन केटालाई साथमा लिएर राजा दरबारबाट वनविहार गर्न गएछन् । जङ्गलमा डुल्दै जाँदा केटालाई प्यास लागेछ । अनि पानी खोज्दै जाँदा एउटा तलाउ पनि भेटिछ र अलि पर केही मानिसहरू झुम्मिएर बसेका रहेछन् । पानी खाएपछि केटो पनि मान्छे भेला भएतिर गएछ । तेसपछि कुरा सोधपूछ गर्दा ती मानिसहरूले भनेछन्– 'याँ क-कसका छोरी क-कसका छोरालाई र क-कसका छोरा कसका छोरीलाई जुरेका छन्' भनी जोखाना हेराउँदै छौं ।' एति सुनेपछि उसले पनि आफूलाई कसकी छोरी जुरेकी छे भन्ने जोखाना हेराएछ । हेराउँदा उसलाई त तेही राजाकी कान्छी छोरी पो जुरेकी रहिछे । तेसपछि केटो राजाछेउ आई सबै कुरा बताउन लागेछ । तर उसलाई कसकी छोरी जुरेकी हुन्छे; तो चाहिँ भनेनछ । राजाले बारम्बार दोराएर सोध्दा पनि फलानाकी छोरी भन्नलाई केटाले आँट गरेनछ । तेसपछि राजालाई मनमा आफ्नै छोरी भन्ने शंका पसेछ । राजाले केटाले थानपाइकन सुनारेलाई सुनको बाकस बनाउन लगाएछ । अनि ता केटालाई बेहोश पारी तेही बाकसमा हाल्न लगाएछ । तेसपछि नदीमा बगाउन लगाएछ र मात्र राजा ढुक्क भएछ । उता केटो भने सुनको बाकसमा बग्दै बग्दै छोराछोरी नपाएका निःसन्तान तर धेरै धन भएका दम्पती सन्ततीको मुख देख्न पाऊँ भनी तपस्या गर्दै तेही खोलाको किनारामा बस्ता रहेछन् । तेस दिन तपस्या गरेको पनि ठीक १२ वर्ष पुगेको रहेछ । बग्दैगरेको बाकस देखेर उनेरले माझीलाई बाकस उतार्न लाएछन् । माझीले सुनको बाकस मलाई दिने भए मात्तै निकालिदिन्छु भनेछ । तेसपछि 'हुन्छ लौ' भनी बूढाचाहिँले भनेछ । अनि तेही सर्तमा माझीले खोलाबाट तो सुनौलो बाकस झिकी खोलेर हेर्दा त केटो पो फेला परेछ । तो देखेर बूढाबुडी धेरै खुसी भएछन् । उनेरले सुनको बाकस माझीलाई दिएछन् र बाहुन केटालाई आफ्नै घरमा लगेछन् । तेसपछि उनेरले राम्रो स्याहार-सुसार पनि गरेछन् । बाहुन केटालाई आफ्नो छोरो बनाएर राखेछन् । अनि केही समयपछि छोराको वर्तबन्ध गर्ने निधो गरेछन् र तो कार्जेमा राजालाई पनि निम्तो पठाएछन् । केटाको वर्तबन्धमा आएका राजाले तेती राम्रो अनुहार भएको केटो; तो पनि धनी मान्छेको छोरा; यसैलाई आफ्नी कान्छी छोरी दिई ज्वाइँ बनाउने सोचेछ । अनि बाबुसँग कुरा गर्दा उसले पनि स्वीकार गरेछ र बिहे हुन पुगेछ । यसरी बिहे भएपछि दुरान फर्काउन आउँदा छोरी मात्तै आएको देखेर राजाले 'ज्वाइँ खोइ ?' भनी सोध्दा छोरीले ज्वाइँ नआएको कुरा बताइछे । अनि राजाले सिपाहीहरूलाई ज्वाइँलाई ल्याउन

आदेश दिएछन् । ज्वाइँ आएपछि ज्वाइँ-ससुराको वार्तालाप भएछ । राजाले 'तपाईंलाई मैले बलैले छोरी दिएको हुँ' भन्दा ज्वाइँले यस्तो जवाफ दिएछन्– 'हैन कर्मैले पारेको !' भन्दा 'तपाईंले के भन्नुभएको ?' भनी राजाले सोधेछन् । तेसपछि ज्वाइँले सबै वृत्तान्त बताइदिएछ । अनि मात्तै राजाका आँखा खुलेछन् । तेसपछि भावीले लेखेको कुरा कसै गरे पनि टर्दोरहेनछ भन्दै छैटीको भावी बलशाली रहने कुरालाई मनन गरी राजाले तिनै ज्वाइँछोरीलाई राज्य दिएर तपस्से गर्न गएछन् र छोरीज्वाइँ चाहिँ राज्य भोग गर्दै सुखपूर्वक रहँदा भएछन् । सुन्नेलाई सुनका ......... भन्ने बेलामा सरर आइजाला ।

*कथावाचक :- गणेश अधिकारी*

*डाँडागाउँ पाँचथर*

**विषयवस्तु :-**

संयोगान्त भएको यस कथाको कथानक यसरी अगाडि बढ्दछ- कुनै एक राजाले भान्से बाहुन पालेको हुन्छ । राजा वन विहार गर्न सौखिन हुन्छ र बाहुन केटालाई पनि सँगसँगै लैजान्छ । जङ्गलमा डुल्दा केटालाई तिर्खा लाग्दछ । पानीको खोजीमा जाँदा उसले मानिसहरूको जमघट देख्दछ र के रहेछ भनी बुझ्दा क-कस्का बेहुला-बेहुली को-को जुरेका रहेछन् भनी जोखाना जुराउँदै गरेको कुरा केटाले थाहा पाउँछ । उसले पनि आफ्नी पत्नी को जुरेकी छे भनी हेराउँदा त्यही राजाकी कान्छी छोरीसँग जुरेको थाहा पाउँछ । पछि फर्की राजा भए ठाउँमा आई राजालाई सबै बताउँछ तर कसकी छोरी भन्ने चाहिँ कुरा खुलाउँदैन । राजाले कसकी छोरी हो भन् भनी सोध्दा ऊ बोल्दैन । राजालाई शंका लाग्दछ र सुनको बाकस बनाई त्यसैभित्र केटालाई हालेर नदीमा बगाइदिन्छ । निःसन्तान धनाढ्यका एक जोडी सन्तान-सुख पाऊँ भनी तपस्या गरेको दिव्य बाह्र वर्ष पुगेकै दिन उक्त तपस्यास्थलनजिक पुग्दछ । माझीको सहायताबाट बाकस किनारामा ल्याइन्छ । भित्रको वस्तु तपस्वीले लिने र सुनको बाकस चाहिँ माझीले लिने गरी पहिले नै सर्त राखिएको हुन्छ । बाकस नदीबाट झिकेर हेर्दा भित्र केटो देखापर्छ । तपस्या गर्ने जोडीले उसलाई छोरो बनाउँछन् । केही वर्षपछि केटाको व्रतबन्ध गर्ने निधो गरिन्छ । निम्तो राजाकहाँ पनि पठाइन्छ । निम्तो मान्न आएका राजाले केटालाई देखेर मनमनै आफ्नी छोरीसँग विवाह गरिदिने निधो गर्दछ र बाबुआमासँग उक्त कुराको प्रस्ताव राख्तछ । तपस्वी जोडीले पनि त्यो कुरा स्वीकार्दछन् । उनीहरू राजाकी छोरीलाई बुहारी बनाएर सुखपूर्वक रहेको कुरा उल्लेख गरी छैंटीको भावीले लेखेको कसै गरे पनि मेटाउन सकिँदैन भन्ने भावको सन्देश यस कथामा व्यक्त भएको छ ।

विवाहमा जुराउने तथा लेखेको जसरी पनि पुग्छ भन्ने विषयवस्तुमा आधारित यस कथामा संसारमा भाग्य लिएर आएका दुःखी मानिस पनि कर्मठ र लगनशील भए भने उनीहरूको भाग्योदय हुनसक्दछ, छैंटीको दिनमा भावीले ललाटमा जे लेखेको हुन्छ सो मेटेर मेटिँदैन भन्ने धारणा यस कथामा चित्रित गरिएको छ ।

**चरित्रचित्रण :-**

यस कथाको मुख्य पात्र बाहुन केटो हो । उसले सुरुदेखि अन्त्यसम्म सक्रिय भूमिका निभाएको छ । राजा र तपस्वी जोडीलाई भने सहायक पात्रको रूपमा अनि जङ्लमा जोखाना हेराउने र माझी आदिलाई गौण पात्रको रूपमा लिन सकिन्छ ।

**परिवेश :-**

यस कथाको परिवेश सामाजिक भए पनि घटित घटनाहरू भने सामाजिक देखिँदैनन् । मनोरञ्जनात्मक कथाको रूपमा यसका परिवेशहरूको निर्माण भएको छ । केटालाई सुनको बाकसमा बगाउनु, तपस्वी जोडीले भेट्नु, राजालाई व्रतबन्धमा निम्तो जानु र राजाले केही नबुझिकन छोरी दिनु यसका दर्बिला पक्ष हुन् ।

**संवादः-**

यस कथामा सरल शब्दहरू- तिर्खा लाग्यो, जोखाना हेरेको, क-कसको छोराछोरी, सुनको बाक्सा, सुनारे, बर्तमन जस्ता स्थानीय बोलीका शब्द प्रयोग भएका संवाद पाइन्छन् ।

**शैलीः-**

यो कथा ‘एकादेश’बाट सुरु भएर ‘सुन्नेलाई ..... तुरुन्त आउला’ भन्दै अज्ञात भूतकालीन क्रियापद प्रयुक्त यस कथामा पनि वर्णनात्मक शैली प्रयोग भएको छ ।

**उद्देश्य :-**

जन्मिएको छैटौं दिनमा भावीले जे लेखेको छ त्यो कसैगरी पनि मेटिँदैन भन्ने सन्देशलाई यस कथाले औँल्याएको छ । आफूले खोलामा बगाएको नोकरलाई राजाले छोरी दिनुले यसको शीर्षकलाई सार्थक तुल्याएको छ । यसले भाग्यवादलाई सबल बनाएको देखिन्छ ।

## टुहुरो

एकादेशमा एउटा टुहुरो केटो थिएछ । दुःखी भएको कारणले ऊ माग्दै खाँदै गर्थेछ । आनि ता जब ऊ बाह्र-तेह्र वर्षको लाठे भयो; अब मागेर खानु ठीक छैना भन्ने विचार गरी कामको खोजमा हिँडेछ । जाँदा-जाँदा ऊ एउटा सिकारीको घरमा पुगेछ । सिकारी दयालु थिएछ । तो सिकारीले टुहुरालाई आफूसँगै राखेछ । अन्ताखेरी उसलाई पनि सिकार खेल्नु सिकाउने विचार गरेछ । भोलिल्टदेखि केटो पनि बन्दुक बोकेर सिकारीसँगै जङ्गलतिर लागेछ । सिकारीले तेस टुहुरालाई बन्दुक चलाउन सिकाएछ । टुहुरो पनि केही पछि बन्दुक चलाउन सिपालु भएछ । ऊ आबो त लाठे भइसकेको थियो ।

एकदिन ऊ शिकारीको घारबाट बन्दुक बोकी हिँडेछ । उसले बाटामा एक हुल केटकेटीहरले भिजेका भट्मास खाँदै गरेको देखेछ । त्यसबखत पशुपन्छी, भट्मास, ढुङ्गाहरू सबैले मान्छे जस्तै गरी बोल्ने र सबैले सबैको भाषा बुझ्न पनि सक्थेछन् । ती भिजेका भट्मासले टुहुरासँग भने- ‘दाइ हामीलाई पनि साथै लिएर जानुहोस्; परेका बखतमा हामी मद्दत गरौँला ।’ भट्मासको यस्तो कुरा सुनेपछि उसले साथै लिएर हिडेछ । अब केटो, बन्दुक र भटमास भई त्यहाँबाट हिँड्दै गएछ भने बाटोमा सियो पनि भेटिएछ र उसलेप्नि साथै लान भनेछ । अनि त ‘हुन्छ’ भनेर सँगै लिएर गएछन् । अगाडि जाँदै थिएछन् । आलि पर

बाघसँग भेट भएछ । बाघलेप्नि सँगै लानलाई भनेछ । त्यसैले 'लौ हुन्छ भनी बाघसमेत पाँचै जानाले साथी-साथी मिलेर हिँडेछन् । बेलुकीपख एउटा गाउँमा पुगेछन् । तेस गाउँमा एउटी राछेस्नी बूढीले साह्रै सताको रछ । मार्दै खाँदै गार्दिरछे । नरुचेको जथाभावी फ्याँकेर सोझासीधा गाउँलेलाई धेरै दुख दिएकी रछे । सबैले कचरी गरेछन् आन्तखेरी सप्पै घारबाट दिनदिनै एकेक जाना राछेस्नीको आहार बन्नु जाने नियम बाँधेका रछन् । राछेस्नी बूढीप्नि ओढारमा बसी-बसी खान पाइने भएपछि खुसीले दङ्ग परेछ र पालैपालो एकेक जना मनुस्से खाइबस्तीरछे । एसरी तो राछेस्नीले पिरेको रछे । टुहुरो र उसका साथीहरू बास बस्नुलाई पसेको घारमा भात खाएपछि रुवाबासी चलेछ । कुरा के रछ भनी बुझ्दा त तेस रात त्यै घरको एक जाना मानिस राछेस्नीको गाँस बन्नु जाने पालो रछ । सबै कुरा थाहा पाएपछि टुहुरो र उसका साथीहरूले आफूहरू राक्षेस्नीकोमा गाँस बन्न चारै जना साथीहरू जाने बताएछ । तेसपछि घारकोहारले 'पाहुना त देउता हुन्; हामीलाई पापलाग्छ' भनेर उनरू मानेनछन् । धेरैबेर गफ गरेपछि पनि केटा र उसका साथीहरूले जान्छौँ-जान्छौँ भनिराखेपछि उनरले केही भनेनछ । केटाहरू पनि आलटाल गर्दै ढिलो गरी राक्षेस्नीका तिर हिँडेछन् । राछेस्नीको घरमा पुगेछन् । भटमास अगेनाको खरानीमा, बन्दुक दैलो पछाडि, सियो दैलाको ठेलामा, बाघ आँगनमा र केटो कोठामा लुकेर चुपचाप बसेछन् । बूढी भोकले रन्थनिदै र रिसले झोक्किँदै, गोडा बजार्दै, तलामाथिबाट तल झरिछ । कालो अँध्यारो थिएछ । राछेस्नी बूढीले बत्ती बाल्नु खोजिछ र आगेनामा आगो फुक्न थालिछ । खरानीमा लुकेर बसेको भट्मास पड्केर बूढीको आँखैलाई हिर्काएछ । अन्ताखेरी आँखा फुट्यो ! ऐय्या ! मरेँ नि ! भनेर रुँदै बाहिर निस्कन खोज्दा ठेलामा ठाडो परेर लुकीबसेको सियोले गोडामा घोचिदिएछ । आनि त बूढी चिच्याउँदै आँगनमा लडिगइछ । मौका पारेर ढोकामा लुकिबसेको बन्दुकले पनि गोली हानिपठाएछ । गोली लागेर राछेस्नी बूढी त ठहरै मरिगइछ । अनि ता आँगनमा बसेको बाघले बूढीलाई खाइदिएछ । भोलिपल्ट गाउँलेहरूले यो कुरा थाहा पाएर खुसी मनाएछन् ।

राछेस्नी मारेकोमा गाउँलेहरूले टुहुरो केटो र उसका साथीहरूलाई तिहीँ बस्नलाई अनुरोध गरेछन् र बूढीको सबै धन-सम्पत्ति उसैलाई दिएर खुशीले राखेछन् । यसरी केटाले सबैलाई साथी बनाएकोले उसलाई फाइदा भएछ अनि ता खुसी भएर सबै साथीहरूसँग मिलेर बसेछ । सुन्नेलाई .................... आउला ।

*कथावाचिका :- कोपिला थेबे*

*आङ्सराङ-२, सिस्नेरी, पाँचथर*

**विषयवस्तु :-**

संयोगान्तमा पूर्ण र सबैसँग मित्रता गाँस्ता राम्रो हुने विषवस्तु भएको यस कथामा एउटा सिकारीले टुहुरो केटोलाई पाली सिकार खेल्न सिकाउँछ । केटो बन्दुक बोकी अन्यत्र हिँड्छ । बाटामा भटमास, सियो र बाघ भेटिन्छन् र ऊसँग मित्रता गाँसी उसकै पछि-पछि

लाग्दछन् । सबै मित्रले मिलेर एउटा गाउँमा दुःख दिइरहेकी राक्षसनी बूढीलाई मार्छन् । बूढीको सम्पत्ति गाउँलेहरूले केटालाई नै दिन्छन् र सबै सुखपूर्वक बस्छन् ।

प्रस्तुत कथामा दुष्टतालाई नास गर्नुपर्छ भन्ने उल्लेख गर्दै टुहुरा केटाले सामान्य वस्तुसँग मित्रता गाँस्दा ऊलगायत सबैलाई फाइदा हुन पुगेको विषयलाई प्रस्तुत गरिएको छ ।

**चरित्रचित्रण :-**

यस कथामा मुख्य पात्रको रूपमा टुहुरोलाई लिन सकिन्छ किनभने सुरुदेखि अन्त्यसम्म उसको भूमिका मुख्य छ । ऊसँग भेट भएका भटमास, सियो, बन्दुक र बाघ सबै सहायक पात्रको रूपमा देखापर्दछन् । राक्षस्नी खलपात्र हो भने गाउँलेहरू गौण पात्र हुन् ।

**परिवेश :-**

यसको परिवेश एउटा दन्त्यकथामा पाइने खालको मान्न सकिन्छ । कथाकारको कल्पनाले गर्दा ढुङ्गा, माटो, जीवजन्तु, भटमास, राक्षस, मानिस सबै एक-आपसमा कुरा गर्न सक्ने जमाना समाजमा पाउन सकिन्न । तसर्थ यसलाई सामाजिक परिवेशभित्र राख्न सकिन्न । यसको स्थिति गाउँले भए पनि घटना भने अलौकिक छ । भटभास, बन्दुक, बाघ र सियोले मित्रता गाँसी टुहुरालाई मद्दत गरी राक्षस्नी मार्नु यसको बलियो पक्ष हो ।

**संवादः-**

परेको बखत, भिजेको भटमास, ढिप्पी गरे, सँघार बस्यो जस्ता सरल शब्द प्रयोग भएका संवाद यस कथामा पाउन सकिन्छ ।

**शैलीः-**

यो कथा 'एकादेश'बाट सुरु भएर 'सुन्नेलाई ..... तुरुन्त आउला' भन्दै अज्ञात भूतकालीन क्रियापद प्रयुक्त यस कथामा पनि वर्णनात्मक शैली प्रयोग भएको छ ।

**उद्देश्य :-**

कुनै पनि वस्तुलाई घृणा नगरी साथमा साथ लिइयो भने टुहुराका पनि दिन राम्रा हुन्छन् भन्ने ज्ञान दिँदै मिलनसार भए पशुपक्षी र निर्जीव पदार्थले समेत साथ दिएको यस कथामा दर्शाइएको छ । अरूको दुःखलाई नष्ट गर्ने उपाय गरी समाजलाई भयरहित तुल्याएर सामाजिक व्यक्ति बन्ने सन्देश उक्त कथाले दिएको छ ।

रिच्छेद पाँच

## ५.१. उपसंहार

लोकसाहित्य सहरी वातावरणदेखि टाढा, विकट बस्तीका भीर, पाखा, पहाड, कन्दरा, हिमालका फेदीमा बस्ने सोझा, निमुखा अनपढ जनताको हृदयबाट निस्किएको कोमल भावना हो । यस्तो भावना जुनसुकै भाषामा पनि प्रकट हुन सक्छ । लोक साहित्य शास्त्रीय र जटिल नभई सरल, सहज र सुमधुर अभिव्यक्तियुक्त हुन्छ । लेक-बेंसी, खेत-बारी, मेलापात, डाँडापाखा आदिमा आफ्नो जीवन गुजारा गरिरहेका पौरखी र सोझा अशिक्षित जनताहरूको हृदयबाट प्रकट भई मुखरित हुँदै निस्केका यिनै भावनाहरूले नै आदिमताको आड लिएर वर्तमानलाई प्रस्ट्याएका हुन्छन् । तसर्थ लोकसाहित्यलाई समाजको ऐना वा दर्पण पनि भनिन्छ । मानव सभ्यताको विकास सँग-सँगै विकसित हुँदै हालसम्म आइपुगेको लोकसाहित्यका रचनाकारहरू भने अज्ञात नै हुन्छन् । लोकजीवनमा सकेसम्म मनोरञ्जन, शिक्षा, उपदेश जस्ता कुराहरू दिने उद्देश्य लोकसाहित्यको हुन्छ । नेपाली-नेपालीबीच भावनात्मक एकताको विकास गराउनु; आफ्नो कला र संस्कृतिलाई आवश्यकता अनुरूप व्याख्या गर्नु पनि लोकसाहित्यको अर्को विशेषता हो । जनश्रुति-परम्पराभित्र रहेर पनि पाँचथरे लोककथा सबैको मन जित्न सफल छ । यी लोककथाहरू विभिन्न उमेर तथा वर्गका मानिसलाई आफ्नो रुचि र क्षमतानुसार मनोरञ्जन दिन सफल देखिन्छन् । समाजको महत्ता र गरिमा पनि यसमा झल्केको पाइन्छ ।

लोकसाहित्यका विभिन्न विधाहरू छन्– लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, उखान-टुक्का र गाउँखाने कथामध्ये कुन चाहिँ जेठो र कुनचाहिँ कान्छो हो भनी छुट्याउनतर्फ नलागी कुन विधाको कति महत्ता छ भनी बुझ्नु जरुरी देखिन्छ । लोकसाहित्यका विविध विधाहरूको सहयोगबाट वेद, पुराण, रामायण, महाभारत आदि ग्रन्थहरूको निर्माण भएको कुरालाई नकार्न मिल्दैन । यसले गर्दा लोकसहित्यको महत्ता अझ बढेको पाइन्छ । लोकसाहित्यका विभिन्न विधामध्ये ‘लोककथालाई’ दोस्रो महत्त्वपूर्ण विधाका रूपमा लिएको पाइन्छ । मानवसमुदायका सुख, दुःख, हर्ष, विस्मात्, क्रोध, रोदन, उन्नति-अवनति आदिका अभिव्यक्ति नै लोककथा हुन् । मनोरञ्जनका लागि होस् वा शिक्षा या उपदेशका लागि नै किन नहोस् जब मानिसले आफ्ना अभिव्यक्तिहरूको प्रकट गर्दछ त्यतिबेला नै लोककथाको उत्पत्ति भएको हुन सक्छ । लोककथाले मानवीय हर्ष, विस्मात्, पीडा, व्यथा मात्र झल्काउने नभएर यसले मनोरञ्जन, उपदेश र शिक्षा समेत दिने कार्य गर्दछ ।

लोक जनसमूहवाचक शब्द हो । जुन कृतिमतारहित आदिम मनोवृत्तिमा आधारित हुन्छ । यही निरक्षर समूहको आशा-निराशा, हर्ष-विस्मात्, जीवन-मरण, लाभ-हानि, सुख-दुःख, आँसु-हाँसो आदि सिङ्गो ध्वनि पाइने लोकसाहित्य सबैको प्रिय साहित्य भएको छ ।

लोककथा गाउँखाने कथा र उखान-टुक्का भन्दा व्यापक छ । यसमा लोकनाटकको दृश्यात्मकता भन्दा कथानात्मकता बढी र लोकगीतको भावनात्मकता भन्दा वस्तुपरक विधाको रूपमा चिनिएको छ । गद्यात्मकता र वर्णनात्मकता लोककथाको मूल स्वरूप हो । कथानक र चरित्र आदि तत्त्व केन्द्रीय रूपमा रहन्छन् जसले लोककथाको निर्माण गर्दछन् । पाँचथरे लोककथामा यस्ता विशेषता रहेका छन् ।

पाँचथर जिल्लामा बहुजाति, बहुभाषीहरूको बसोबास भएको हुँदा यहाँको संस्कृति पनि विविधि किसिमको नै छ । यस्ता झलकहरू हामी यहाँको लोकसाहित्यमा देख्न सक्दछौँ । यहाँको परिवेशमा भनिने लोककथाहरूले स्थानीय आर्थिक, सामाजिक र सांस्कृतिक चित्रलाई राम्ररी प्रतिबिम्बित गर्दछन् । यस जिल्लामा प्रचलित लोककथाहरूले यहाँका मानिसको जनजीवनभित्रको आर्थिक, सामाजिक, राजनैतिक लगायतका सबै परिवेश झल्किने हुँदा अन्य जिल्लासँग दाँजेर तुलनात्मक अध्ययन गर्न सकिन्छ ।

लोककथा अवैयक्तिक र श्रुतिकथन परम्परामा आधारित हुन्छ । लोकजीवनको संस्कृति एकातिर हुन्छ भने अर्कातिर मानवको स्वभाव, प्रवृत्ति, प्रेम जस्ता संवेगात्मक कुरा हुन्छन् । घटनाको बाहुल्य एवं वर्णनात्मकता त छँदै छ; अझ लौकिक र अलौकिक, मानव एवं मानवेतर पात्रलाई समेत समावेश गराई कौतूहलपूर्ण तरिकामा प्रस्तुत गर्नु यहाँका लोककथाको अर्को विशेषता हो । प्रायः लोककथाहरू संयोगमा टुङ्गिन्छन् र त्यस सन्दर्भमा सत्‌ले असत्‌लाई परास्त पार्छ । यसरी सत्यको जीत हुने शिक्षा लोककथाले दिएको हुन्छ । यस्तै विशेषताले परिपूर्ण लोककथाहरू यस जिल्लामा प्रशस्त छन् ।

यस अध्ययनपत्रको पहिलो परिच्छेदमा शोधकार्यको परिचय प्रस्तुत गरिएको छ । दोस्रो परिच्छेदमा पाँचथर जिल्लाको संक्षिप्त परिचय दिने क्रममा भौगोलिक परिचयका साथै जिल्लाको नामकरणको प्रसङ्ग प्रस्तुत गरिएको छ । जिल्लाको भौगोलिक, सामाजिक, सांस्कृतिक, शैक्षिक स्थितिको समेत चर्चा गरी वेश-भूषा, भाषिक स्थितिको परिचर्चासहित लोकसाहित्यको स्थितिको पनि सम्यक् जानकारी दिइएको छ । तेस्रो परिच्छेदमा लोककथा नेपाली लोकसाहित्यको प्रमुख विधा हो भन्ने विवेचनासहित लोकसाहित्यको परिचय, विधागत वर्गीकरण, परिभाषा र लोककथाको वर्गीकरण गरिएको छ । लोककथाको अभिव्यक्तिले समाजका सम्पूर्ण वर्गलाई शिक्षा, उपदेश धार्मिक आस्था तथा मनोरञ्जन दिने हुनाले यसको विषयगत वर्गीकरणमा धेरै जोड दिइएको छ । अध्ययनपत्रको चौथो परिच्छेदमा पाँचथर जिल्लामा प्रचलित लोककथालाई लोककथाका तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

यस अध्ययनपत्रमा सङ्कलित दसवटा कथाहरूमध्ये आठवटा कथाहरू 'एकादेशबाट' सुरु भएका र एउटा 'परापूर्वकालबाट' र एउटा चाहिँ 'एउटा कुनै गाउँबाट' सुरु भएको देखिन्छ । यी कथाहरूमध्ये नौवटा कथाहरू संयोगान्तमा नै टुङ्गिएका छन् । एउटा कथा भने त्यसै टुङ्गिएको छ । यी कथाहरूमा चारवटा सामाजिक, दुईवटा धार्मिक, तीनवटा धार्मिक

उपदेशात्मक र एउटा हास्यपरक मनोरञ्जन दिने खालका छन् । समग्रमा भन्नुपर्दा पाँचथरे लोककथाहरूको अध्ययन गर्दा सामाजिक, मनोरञ्जनात्मक, नीतिगत उपदेशात्मक कथाहरू नै बढी फेला परेका छन् ।

## ५.२. सन्दर्भग्रन्थ–सूची


ओझा, रामनाथ र गिरि, मधुसुदन 'एम्.ए.नोपाली चौथोपत्र एटमवम नं.४,२०५७ ।

पोखरेल, मनमाया, वि.सं.२०५४, ***इलाम जिल्लामा प्रचलित लोकथाहरूको सङ्कलन,*** ( त्रि.वि.मा प्रस्तुत) अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

पराजुली, मोतीलाल, वि.सं.२०४९, ***नेपाली लोकगाथा,*** पोखरा : श्रीमती तारादेवी पराजुली ।

गिरी, जीवेन्द्रदेव, वि.सं.२०५८, ***हाम्रा लोकगाथा,*** काठमाडौँ : एकता प्रकाशन ।

बन्धु, चूडामणी, वि.सं.२०५८, ***नेपाली लोक साहित्य,*** काठमाडौँ : एकता प्रकाशन ।

पराजुली, कृष्णप्रसाद, वि.सं.२०५४, ***नेपाली उखान र गाउँखाने कथा,*** काठमाडौँ : रत्न पुस्तक भण्डार ।

दिवस, तुलसी, वि.सं.२०३२, ***नेपाली लोककथा,*** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, हरिप्रसाद, वि.सं.२०५९, ***कथा सिद्धान्त र विवेचना,*** नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम, वि.सं.२०३८, ***प्रारम्भिक कालको नेपाली इतिहास र परम्परा,*** काठमाडौँ : पाठ्क्रम विकास केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

सेर्मा, लक्ष्मीकुमार, वि.सं.२०५८, ***पान्थरु, पाँचथर दर्पण,*** पाँचथर ।

सुवेदी, राजेन्द्र र होम सुवेदी, वि.सं.२०५५, ***प्राथमिक तथा माध्यमिक नेपाली साहित्यको रूपरेखा,*** काठमाडौँ : सृष्टि प्रकाशन ।

पराजुली, ठाकुरप्रसाद, वि.सं.२०५६, ***नेपाली साहित्यको परिक्रमा,*** काठमाडौँ : साझा प्रकाशन ।

भट्टराई, घटराज, वि.सं.२०५५, ***नेपाली साहित्यको ऐतिहासिक रूपरेखा,*** काठमाडौँ : सृष्टि प्रकाशन ।

ओझा, रामनाथ र मधुसूदन गिरी, वि.सं.२०५८, ***लोकसाहित्य, पूर्वआधुनिक नेपाली साहित्य र नेपाली निबन्ध,*** काठमाडौँ : वाङ्मय प्रकाशन गृह ।

भट्टराई, ज्ञानेश्वर, सम्पादक, वि.सं.२०६१, ***बृहत् ज्ञानकोष,*** काठमाडौँ : आशिष पुस्तक भण्डार ।

चेम्जोङ, इमानसिंह, वि.सं. २०२१, ***किराँती दन्त्यकथा,*** काठमाडौँ : रायल नेपाल एकेडेमी ।

श्रेष्ठ, शिवकुमार, वि.सं.२०४७, ***किराँती लोककथाहरू,*** धनकुटा : श्रीमती गङ्गादेवी श्रेष्ठ ।

**लोककथाको सूचक**

| क.सं. | कथाको शीर्षक | कथा वाचक | ठेगाना |
|---|---|---|---|
| १. | आँखा लोभी मन पापी | भूमि प्रसाद रिजाल | आङ्सराङ्ग-१, पाँचथर |
| २. | आवाज आउने नहुँदा ज्ञान आफ्नै पत्नीलाई दोषी ठान | पुण्यप्रसाद गर्तौला | आङ्सराङ्ग-३, पाँचथर |
| ३. | प्रतिबाक्के एक मोहोर | भगिरथ अधिकारी | आङ्सराङ्ग-६, पाँचथर |
| ४. | पाप कति लाग्छ ? | कौशिला अधिकारी | आङ्सराङ्ग-६, पाँचथर |
| ५. | पढी मूर्ख | मावोहाङ्ग लिम्बू | आङ्सराङ्ग-१, पाँचथर |
| ६. | सापदेउ | लक्ष्मण विश्वकर्मा | आङ्सराङ्ग-६, पाँचथर |
| ७. | मनचिन्ते फल | रण बहादुर आंदेम्बे | आङ्सराङ्ग-५, पाँचथर |
| ८. | छैटीको भावी | गणेश अधिकारी | आङ्सराङ्ग-६, पाँचथर |
| ९. | मित्रता गाँस्दा | कोपिला थेवे | आङ्सराङ्ग-२, पाँचथर |
| १०. | लोभले विलाप | घनश्याम बराल | आङ्सराङ्ग-४ पाँचथर |

**कथासं. ४ : पाप कति लाग्छ ?**

एकादेशमा एकजना तपस्वी ऋषि बस्ता रैछन् रे । उनले हिमालयमा दिव्य बाह्र वर्षसम्म तपस्या गरेका थिए रे । आफ्नो तपस्या पूरा भएपछि अब एकपटक भगवान्‌को पाउ पर्न जान्छु भनेर बेलपत्र टिप्न खोज्दा बेलको हाँगो भाँचिएछ । ऋषिलाई चिन्ता लागेछ । हाँगो भाँचेको पाप कति लाग्छ ? भनेर चिन्ता गर्दै उनी आफ्नो बाटो लागेछन् । अलिपर जाँदा एउटा किसान बेलघारी धमाधम फाँड्दै खेती गर्न लागेको देखेछन् । उनी त्यहीँ पुगेर टक्क अडिएछन् । आश्चर्य मानेको देखेर किसानले किन होला भनी सोधेछ । उनले भनेछन्– 'मैले एउटा बेलको हाँगो भाँच्दा त कति पाप लाग्छ भनी चिन्तित छु भने तिमीलाई कति पाप लाग्दो होला भनी सोचेको' भनेपछि परमात्मासँग सोधी आउनू भनेर किसानले चुपचाप लागेछ । उनी अगाडि बढ्दै थिए । चौतारामा बसिरहेको मान्छेसँग कुराकानी भयो । ऋषिले सबै बताएर कति पाप लाग्ने हो परमात्मासँग सोध्न हिँडेको कुरा खुलाएछन् । त्यो मान्छेले पनि भनेछ– 'मैले यो चौतारो बनाएको २५ वर्ष भयो; पालुवा पलाएकै छैन किन होला ? त्यो पनि सोधिदिनू ।' यति भनी उसले अह्राएछ । ऋषि अगाडि जाँदै थिए; तमोर नदीको किनारमा एउटा ढुङ्गो जस्तै अजिङ्गर रहेछ । ऋषिलाई टोक्न खोज्दा आफू परमात्माको दर्शन गर्न हिँडेको बताएपछि 'म कसरी अजिङ्गर भएँ त्यो पनि सोधी

आउनू' भनी उसले समेत अह्राएछ । बल्ल-बल्ल ऋषि परमात्माकोमा पुगेर सबै बिन्ती गर्न थालेछन् । उनले हाँगो भाँचेको पापको प्रायश्चित्त गर्नका लागि परमात्माले फेरि १२ वर्ष तपस्या गर्नुपर्ने बताएछन् । किसानको बारेमा सोध्दा उसलाई पाप नलाग्ने बताएछन् । आश्चर्य मान्दै किन भनी ऋषिले प्रश्न गर्दा उसले बेलघारी फाँडी खेतीपाती गर्दा धेरै प्राणीले त्यो अन्न खान्छन् र पाप कति पनि लाग्दैन भनेर बताएछन् । चौताराको मान्छेको समस्या राख्दा 'त्यहाँ गाडेको गाडधन झिकी गरिब दुःखीलाई बाँडेर सेवा गर्नू, चौतारामा नयाँ पालुवा पलाउँछ' भनी जानकारी दिएछन् । ती अजिङ्गर बनेका चाहिँ पहिले पुरेत्याइँ गर्दा रहेछन्, सो कार्य गर्दा दक्षिना मात्रै लिने तर पाता पल्टाएर पढ्ने गरेको पापले उनी अजिङ्गर बनेको कुरा परमात्माले बताएछन् । तेसपछि ऋषि परमात्माले सबैको कर्मको फल भनेको कुरा सबैलाई बताउँदै आएछन् । उनी पनि उपकारी काम गरी प्राणीको सेवामा लागेछन् र अरूलाई पनि त्यसो गर्ने सल्लाह दिँदै हिँडेछन् । सुन्नेलाई सुनको ................ खुरुक्क आउला ।

*कथावाचक :- कौशिल्या अधिकारी*

*आङ्सराङ- ६, डोबाटे, पाँचथर ।*

**कथासं. ७ : मनचिन्ते फल**

एकादेशमा एउटाका लोग्नेस्वास्नी बस्तारछन् । उनेरू दुवै लठेप्रा जस्ता रछन् । उनेरू बसेको नजिकै बजार पनि रछ । एक दिन लोग्ने बजारतिर घुम्नुपरो भन्ने विचार गरी घरबाट निस्केछ । घुम्दै जाँदा एउटा पसलमा फर्सी बेच्न राखेको देखेछ । लठेप्रालाई फर्सी भन्ने थाहा रैनछ र पसलेसँग 'यो के हो ?' भनेर सोधेछ । 'फर्सी पनि नचिन्ने कस्तो मान्छे होला ?' भनी पसलेले पनि 'यो मनचिन्ते फल हो; अनि यसलाई घर लगिराख्यो भने जे चितायो तेही पुग्छ' भनी भन्देछ । अनि लठेप्राले एउटा फर्सी किनेर घरतिर लगेछ ।

लठेप्रालाई हो न हो; यो मनचिन्तेले जे चिताए'नि दिन्छ भन्ने लागेको थियो तेसैले हतारहतार उसकी स्वास्नीलाई देखाउन लगेछ । उसले तो फल घरमा राखेर छिट्टै धनी बन्ने चिताएछ । ऊ उफ्रिँदै घरतिर जादै थियो । बाटामा जङ्गल पर्दथ्यो । जङ्गलको बीचमा पुगेपछि लठेप्रालाई दिसाले च्यापेछ । अनि मनचिन्ते फललाई रुखको कापमा राखेर दिसा बस्न गएछ । ठीक तेतिखेर हुरीबतास चलेछ र हावाले गर्दा तो मनचिन्ते फर्सी रुखबाट झरेछ । कडा भुईंमा झरेकाले ठूलो आवाज गरी फुटेछ । फर्सी फुट्दाको आवाज सुनी झाडीमा लुकेर बसेको स्याल डराएर भागेछ । फर्सी फुट्नेबित्तिकै स्याल भाग्दै गरेको लठेप्राले देखेपछि हो न हो मनचिन्ते फल रुखबाट झरेर फुटेपछि मनचिन्ते निस्केर भागेछ भनी स्याल भागेतिर दौड्दै गएछ । तर तेसले स्याललाई काँ भेट्न सक्यो र ! लखतरान भएर थाकेपछि 'मनचिन्ते भाग्यो' भनी चिच्याउँदै घरमा पुगेर लठेप्राले स्वास्नीलाई सप्पै कुरा सुनाएछ अनि ता ऊ पनि बूढासँगै 'मनचिन्ते भाग्यो' भन्दै क्वाँ-क्वाँ रुन थालिछ । यसरी लठेप्रालठेप्रीले फर्सीलाई मनचिन्ते फल ठानी बित्थामा रुनुपरेछ । सुन्नेलाई सुनको

माला; भन्नेलाई फूलको माला; यो कथा बैकुण्ठ जाला; भन्ने बेलामा खुरुक्क आउला ।

*कथावाचक :- रणबहादुर आङ्देम्बे*

*आङ्सराङ- ५, बरबोटे, पाँचथ*

**कथासं. १०　:　लोभले विलाप**

एकादेशमा एउटाका लोग्नेस्वास्नी बस्दारहेछन् । उनेरूका छोराछोरी थिएनन् । एक दिन बूढीले आफूलाई रोटी खान मन लागेको कुरा बूढासँग भनिछ । बूढाले पनि रोटी खान सरजाम जुटाउने उपाय सोच्यो । उसले कुचो बाट्न जानेको थियो । अनि एक भारी कुचाहरू बाटेर गाउँमा गएछ र कुचासँग चामल साटेर ल्याएछ । उता बूढीले पनि जङ्गलमा गएर दाउरा र पात ल्याइछ । उसले पनि पात र दाउरा बजारमा लगेर बेचिछ अनि तेल किनेर ल्याइछ । तेसपछि रोटी पकाउने तयारी भएछ । बूढीले जम्मा तीनवटा मात्रै रोटी पकाइछ । बूढाबूढीले सुरुमै पकाइसकेर मात्र रोटी बाँडेर खाने भनेर सल्ला गरेकाले बूढो पनि पकाउन्जेल चुपचाप बसेछ । रोटी पाकिसकेपछि बूढाले 'म दुईवटा खान्छु, तँ एउटा खा' भनेछ । अनि ता बूढीले पनि म दुईटा खान्छु तिमी एउटा खाउ भनिछ । दुवैले दुईटा खानका लागि जिद्दी गरिरहेछन् । आखिर दुवैमा हानाथाप भएर भोलि बिहान जो ढिलो उठ्छ, उसले दुईटा रोटी खाने सर्तमा भोकै सुतेछन् । भोलिपल्ट दिउँसोसम्म दुवैजनाको चालचुल नदेख्दा गाउँलेहरू आएर ढोका ढक्ढक्याएछन् । तेती गर्दा पनि ढोका नखोलेको हुनाले बेस्सरी बोलाएछन् । तैपनि बूढाबूढी उठेनछन् । लौ अब भएन भनी बलैले ढोका फोरेर हेर्दा र बोलाउँदा पनि नबोलेपछि पक्कै पनि दुवै मरेछन् भनेर सबैले ठानेछन् । अनि ता घाटमा जलाउन भनेर दुवैलाई लगेछन् । घाटमा पुगेपछि दुवैलाई पोल्नलाई दाउरा नपुग भएको हुँदा तीन जना मलामीलाई पोल्दै गर है भनेर अरू चाहिँ दाउरा खोज्न हिँडेछन् । तीन जनाले चितामा आगो छोडे पछि बूढो चैं 'आत्था ! पोल्यो !!' भन्दै उठेर 'लौ बूढी ! तँ दुईटै खा; म एउटा मात्रै खान्छु !' भन्दै उफ्रेर भागेको देखेपछि 'हुन्छ; खान्छु !' भन्दै बूढी पनि उठिछ । यो सबै देखिरहेका तीनजना मलामीहरू यी त भूत बनेछन् अब हामी तीनै जनालाई खान तयार भएछन् भनी कुलेलम ठोकेछन् ।

लोभी बूढाबूढी पनि घरमा आएर रोटीको भाँडो हेर्छन् त रित्तो छ; यसो बाहिर हेर्दा त बिरालो पो रोटीका टुक्रा खाइसकेर ताउ लाउँदोरहेछ । यसरी लोभ गर्दा आफ्नो भाग गुमेकोले उनीहरू टाउकामा हात राखेर विलाप गर्दै पछुताएछन् । सुन्नेलाई सुनको माला; भन्नेलाई फूलको माला; यो कथा वैकुण्ठ जाला; भन्ने बेलामा खुरुक्क आउला ।

*कथावाचक :- घनश्याम बराल*

*आङ्सराङ- ५, पाँचथर*